नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाडौं

चौमासिक

# तथ्याङ्क गतिविधि

*Four Monthly*

# Statistical Bulletin



वर्ष - ४१ | पूर्णाङ्क - १२१-१२२ | अङ्क : २-३
Year – 41 | Volume – 121-122 | No. : 2-3

## सम्पादकीय

केन्द्रीय तथ्याङ्क विभागका नियमित प्रकाशनहरू मध्ये चालु आ.व. २०७५/७६ को दोस्रो र तेस्रो अङ्कको रूपमा यो चौमासिक तथ्याङ्क गतिविधि वर्ष-४१, पूर्णाङ्क-१२१/१२२, अङ्क-२/३ (मंसिर–फागुन र चैत–असार) यहाँहरू समक्ष प्रस्तुत गरिएको छ । तथ्याङ्क क्षेत्रका गतिविधि समेट्ने गरी विगत ४१ वर्षदेखि नियमितरूपमा चौमासिक तथ्याङ्क गतिविधि यस विभागद्वारा प्रकाशन भइरहेको छ ।

चौमासिक तथ्याङ्क गतिविधिको यस अङ्कमा, चालु आ.व. २०७५/७६ को दोस्रो र तेस्रो चौमासिकमा केन्द्रीय तथ्याङ्क विभागबाट सञ्चालन गरिएका कृयाकलापहरू समेटिएका छन्। राष्ट्रिय जनगणना २०७८ को तयारी सन्दर्भमा सञ्चालित कार्यक्रमहरू, दूध तथा मासु उत्पादन लागत सर्वेक्षण २०७५, औद्योगिक सर्वेक्षण २०७६ को तयारी कार्यक्रमहरू, इँटा उद्योगमा कार्यरत श्रमिक सर्वेक्षण २०७५, नेपालको वातावरण तथ्याङ्क २०७५, व्यावसायिक कफीखेती सर्वेक्षण २०७५, राष्ट्रिय कृषिगणना २०७८ को तयारी कार्यक्रमहरू, कृषि सम्वन्धित एकीकृत सर्वेक्षण कार्यक्रम, नेपाल बहुसूचक सर्वेक्षण २०७५/७६, नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ (तेस्रो) को नतिजा सार्वजनिकीकरण, आर्थिक बर्ष २०७५/७६ को राष्ट्रिय लेखा तथ्याङ्क का साथै प्रदेश अनुसार आर्थिक सूचकहरूको अवस्था, राष्ट्रिय आर्थिक गणना-२०७५ को लगत प्रशोधन तथा अन्य गतिविधि, राष्ट्रिय तथ्यगत विवरणका तालिमहरूको सारांश प्रतिवेदन र तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति आदि मुख्य मुख्य विषयवस्तु तथा क्रियाकलापहरू प्रस्तुत गरिएको छ । यसमा प्रकाशित जानकारी तथा तथ्याङ्क सम्बन्धित क्षेत्रका पाठकहरूका लागि उपयोगी हुने हाम्रो विश्वास छ ।

अन्त्यमा, तथ्याङ्क गतिविधिको आगामी प्रकाशनहरूको सुधार र परिमार्जनको लागि सदाझैं पाठकवर्गको रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

## विषयसूची

- राष्ट्रिय जनगणना २०७८ को तयारी सन्दर्भमा सञ्चालित कार्यक्रमहरू २
- कृषि तथा वन तथ्याङ्क शाखाबाट सम्पादित कार्यहरू ५
- प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखाबाट सम्पादित कार्यक्रमहरू ६
- कृषि तथा पशुपंक्षी गणना तथा सर्भेक्षण शाखाबाट सम्पादित कार्यहरू ७
- नेपाल बहुसूचक सर्वेक्षण- २०७५/७६ सम्बन्धी संक्षिप्त जानकारी ८
- नेपाल जीवनस्तर सर्वेक्षण चौथो सम्वन्धित तयारी कार्यहरू ९
- नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ (तेस्रो) को नतिजा (वैशाख १३, २०७६) सम्बन्धी जानकारी १०
- आर्थिक वर्ष २०७५/०७६ को राष्ट्रिय लेखा तथ्याङ्क १२
- राष्ट्रिय आर्थिक गणना- २०७५ को लगत प्रशोधन तथा अन्य गतिविधिहरू १६
- नेपालको वातावरण तथ्याङ्क- पुस्तक प्रकाशन १६
- प्रकाशन, वितरण तथा पुस्तकालय शाखाबाट सम्पादित कार्यहरू १७
- राष्ट्रिय तथ्यगत विवरण १८
- तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति २१

**सम्पादक मण्डल**
निर्देशक श्री तीर्थराज चौलागाई
अध्यक्ष
निर्देशक श्री रामहरि गैह्रे
सदस्य
निर्देशक श्री राजन सिलवाल
सदस्य
त.अ. श्री कपिल देव जोशी
सदस्य सचिव

**सल्लाहकार**
उपमहानिर्देशक श्री नेबिन लाल श्रेष्ठ
उपमहानिर्देशक श्री हेमराज रेग्मी
उपमहानिर्देशक श्री डिल्लीराज जोशी

**यस प्रकाशनसँग संलग्न अन्य कर्मचारी**
निर्देशकः विमलराज बगाले
तथ्याङ्क अधिकृतः ऋषिराम पोखरेल
पुस्तकालय अधिकृतः श्री नानीराम कार्की
तथ्याङ्क सहायकः श्री कमलराज गौतम

प्रकाशन प्रति : १०००

# राष्ट्रिय जनगणना २०७८ को तयारी सन्दर्भमा सञ्चालित कार्यक्रमहरू

## १) परिचय

देशभरी अक्सर (सामान्यतया) बसोबास गरेका सबै परिवारको घरदैलोमा पुगी निर्धारित समयभित्र परिवार र परिवारका सबै व्यक्तिहरूको सम्बन्धमा जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक विवरणहरू संकलन, प्रशोधन, सारिणीकरण एवं प्रकाशन गर्ने समष्टिगत प्रक्रियालाई “जनगणना” भनिन्छ । नेपालमा पहिलो जनगणना वि.स. १९६८ मा भएको थियो भने त्यसपछि प्रायः १०–१० वर्षको अन्तरालमा जनगणना हुने क्रममा वि.सं. २०७८ मा नेपालको बाह्रौं राष्ट्रिय जनगणना सञ्चालन हुँदैछ। यसै सन्दर्भमा आ.व. २०७५/७६ को दोस्रो चौमासिक अवधिमा आगामी राष्ट्रिय जनगणना २०७८ को तयारी सन्दर्भमा विभागको जनसंख्या शाखा मार्फत् विभिन्न कार्यक्रमहरू संचालन गरिएको थियो।

## २) कार्यक्रमको उद्देश्य

आगामी राष्ट्रिय जनगणनाको सञ्चालन र व्यवस्थापन तथा तयारी योजना लगायतका विविध विषयगत तथा प्राविधिक पक्षमा सरोकारवालाहरू बिच प्रारम्भिक मार्गचित्र जानकारी गराउनुका साथै संघीय संरचनामा तीनवटै सरकारको भूमिका, सरकारलाई आवश्यक पर्ने सूचना तथा तथ्याङ्क र प्रश्नावलीमा सुधार आदिका बारेमा छलफल तथा अन्तरक्रियाबाट सुझाव एवम् पृष्ठपोषण संकलन गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो । त्यसैगरी आगामी जनगणनाको बारेमा आम जनसमुदाय तथा सरोकारवालाहरू समक्ष प्रचार प्रसार तथा पैरवी गर्नु यस कार्यक्रमको दोश्रो उद्देश्य रहेको थियो।

## ३) आ.व. ०७५/०७६ को दोश्रो चौमासिकमा राष्ट्रिय जनगणना २०७८ को तयारी सन्दर्भमा सञ्चालित कार्यक्रमहरू



- **प्रदेशस्तरीय अन्तर्क्रिया गोष्ठी (३ वटा प्रदेशहरूमा)**

१. केन्द्रीय तथ्याङ्क विभाग र तथ्याङ्क कार्यालय धनुषाको संयुक्त आयोजनामा प्रदेश २ को जनकपुरमा मिति २०७५ मंसिर २० गते सञ्चालित कार्यक्रम विभागका उपमहानिर्देशक श्री नेविनलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा प्रमुख अतिथि भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय मन्त्री जितेन्द्र सोनल रहनु भएको थियो। त्यसैगरी प्रदेशस्तर तथा जिल्लास्तरका कार्यालयका प्रमुख तथा प्रतिनिधि, विभिन्न विश्वविद्यालय तथा क्याम्पसका प्रमुख तथा प्रतिनिधि, नगरपालिका तथा गाउँपालिकाका प्रमुख तथा अध्यक्षहरू एवं प्रमुख प्रशासकीय अधिकृतहरू, गैर सरकारी संघसंस्थाका प्रतिनिधि र विभिन्न सञ्चार माध्यमका पत्रकारसहित १०५ जनाको सहभागीता थियो।




२. दोश्रो कार्यक्रम केन्द्रीय तथ्याङ्क विभाग र तथ्याङ्क कार्यालय कास्कीको संयुक्त आयोजनामा गण्डकी प्रदेशको पोखरामा मिति २०७५ मंसिर २६ गते आयोजना गरिएको थियो। उक्त कार्यक्रम विभागका महानिर्देशक श्री सुमनराज अर्यालको अध्यक्षतामा भएको थियो । कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङ रहनु भएको थियो। त्यसैगरी प्रदेशस्तर तथा जिल्लास्तरका कार्यालयका प्रमुख तथा प्रतिनिधि, विभिन्न विश्वविद्यालय तथा क्याम्पसका प्रमुख तथा प्रतिनिधि, नगरपालिका तथा गाउँपालिकाका प्रमुख तथा अध्यक्षहरू एवं प्रमुख प्रशासकीय अधिकृतहरू, गैर सरकारी संघसंस्थाका प्रतिनिधि र विभिन्न सञ्चार माध्यमका पत्रकार सहित १०० जनाको सहभागीता थियो।



३. यस चौमासिकको तेश्रो अन्तर्क्रिया कार्यक्रम केन्द्रीय तथ्याङ्क विभाग र तथ्याङ्क कार्यालय कपिलवस्तुको

संयुक्त आयोजनामा मिति २०७५ माघ १० गते प्रदेश ५ को बुटवलमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम विभागका उपमहानिर्देशक श्री हेमराज रेग्मीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा प्रमुख अतिथि प्रदेश नं. ५ का माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री कुलप्रसाद के.सी.रहनु भएको थियो। त्यसैगरी प्रदेशस्तर तथा जिल्लास्तरका कार्यालयका प्रमुख तथा प्रतिनिधि, विभिन्न विश्वविद्यालय तथा क्याम्पसका प्रमुख तथा प्रतिनिधि, नगरपालिका तथा गाउँपालिकाका प्रमुख तथा अध्यक्षहरू एवं प्रमुख प्रशासकीय अधिकृतहरू, गैर सरकारी संघसंसंस्थाका प्रतिनिधि र विभिन्न सञ्चार माध्यमका पत्रकारसहित ११० जनाको सहभागीता रहेको थियो।

## कार्यक्रममा प्रस्तुति

सबै अन्तर्क्रिया कार्यक्रममा मुख्यरूपले प्रस्तुति तथा छलफल अन्तर्क्रिया समेत गरिएको थियो । केन्द्रीय तथ्याङ्क विभाग जनसंख्या शाखाका निर्देशक ढुण्डीराज लामिछानेले जनगणनाको ऐतिहासिक पृष्ठभूमि, संबैधानिक महत्व, दिगो विकासका सूचकहरूको आधार, आर्थिक समृद्धि र सुखी नेपालीको अनुगमन तथा मूल्यांकनका आधार, आगामी जनगणनाको तयारी योजना सहित संगठन संरचना, जनगणना प्रयोग गरिने विधि र प्रविधि, प्रचार प्रसार र पैरवी, तालीम आदि योजनाहरू र संघीय संरचनामा जनगणना सञ्चालनमा आइपर्ने समस्या, यसको अवसर र चुनौति तथा राष्ट्रिय जनगणना २०७८ का प्रस्तावित प्रश्नावलिका अन्तरवस्तु, संघीय संरचनामा अपेक्षित सूचकहरूका विषयमा विस्तृत प्रस्तुति गर्नु भएको थियो भने तथ्याङ्क अधिकृत दीनानाथ लम्सालले कार्यक्रममा सुझाव संकलनका बारेमा प्रस्तुति र सहजीकरण तथा कार्यक्रमको सञ्चालन समेत गर्नुभएको थियो।

■ **रा.ज.ग. २०७८ मस्यौदा प्रश्नावली तथा निर्देशिका तयारी छलफल**



यस कार्यक्रममा सर्वप्रथम जनसंख्या शाखाका निर्देशक ढुण्डीराज लामिछानेले आगामी राष्ट्रिय जनगणना २०७८ को तयारी तथा कार्य प्रगति मस्यौदा प्रश्नावली सम्बन्धी कार्यपत्र पेश गर्नु भएको थियो । यसैगरी कार्यक्रममा जनगणना २०६८ मा समावेश भएका उपभोग तथा बहुआयामिक गरिवीका सूचकहरू र आगामी जनगणनामा थप तथा सुधार गर्नुपर्ने प्रश्न तथा सूचकहरू विषयमा निर्देशक रामहरी गैह्रेले, जनगणना मस्यौदा प्रश्नावलि २०६८ मा समावेश भएका र आगामी जनगणनामा थप तथा सुधार गर्नु पर्ने प्रश्न तथा दिगो विकासका सूचकहरू सम्बन्धी कार्यपत्र निर्देशक केशवकुमार गौतमले पेश गर्नुभएको थियो। यसमा राष्ट्रिय जनगणनाको पारिवारिक विवरणको बारेमा निर्देशक राजेश धितालले, प्रश्नावलीको व्यक्तिगत विवरण सम्बन्धमा निर्देशक तिर्थराज बरालले, प्रश्नावली निर्देशिकाको खाकाको बारेमा निर्देशक शंकरलाल श्रेष्ठले, व्यक्तिगत विवरणको त.अ. दीनानाथ लम्साल र चुडामणि लुईटेलले र अन्य निर्देशिकाको बारेमा निर्देशक ढुण्डीराज लामिछानेले प्रस्तुति गर्नुभएको थियो। यस कार्यक्रमबाट प्रश्नावलीको तेस्रो मस्यौदा र निर्देशिकाको विषयवस्तु तयार गरिएको थियो।

■ **राष्ट्रिय जनगणना २०७८ को प्रोजेक्ट डकुमेन्ट तयारी छलफल**




यस चौमासिकमा यस सम्बन्धी दुई वटा कार्यक्रम सम्पन्न भएकोमा पहिलो कार्यक्रम २०७५ माघ १८ र १९ गते काभ्रेको धुलिखेलमा विभागका महानिर्देशक श्री सुमनराज अर्यालज्यूको उपस्थितिमा सम्पन्न भएको थियो जसमा विभागका सबै उपमहानिर्देशकहरू लगायत निर्देशकहरूको उपस्थिति रहेको थियो। यस कार्यक्रममा UNFPA ले तयार पारेको मस्यौदा परियोजना दस्तावेजमाथि विस्तृत छलफल भएको थियो।

यसैगरी दोश्रो कार्यक्रम मिति २०७५ फाल्गुण ६ र ७ गते काभ्रेको धुलिखेलमा नै विभागका उपमहानिर्देशक श्री नेविनलाल श्रेष्ठको उपस्थितिमा भएको थियो । उक्त छलफलमा निर्देशकहरू ज्ञानेन्द्र बज्राचार्य, केशवकुमार गौतम, लिला प्रसाद मिश्र, शैलन्द्र घिमिरे लगायतले परियोजना दस्तावेजमा रहेका कमी कमजोरीहरू तथा थप गर्नुपर्ने विषयवस्तुहरू औल्याउनुभएको थियो । यसैगरी प्रोजेक्ट डकुमेन्टमा रहेका विषयवस्तुहरू, अनुसूचीमा जनगणनाको ५ वर्षे बजेटमाथि छपलफल भयो। अन्त्यमा विभागका उपमहानिर्देशक श्री नेविनलाल श्रेष्ठले जनगणनाको डकुमेन्ट राम्रो बनेको र यसले जनगणनालाई सञ्चालन गर्न मार्गदर्शन बन्ने कुरा व्यक्त गर्नुभयो।

■ **राष्ट्रिय जनगणना २०७८ को पाइलट जनगणना तयारी सम्बन्धी अन्तर्क्रिया:**

मिति २०७५ फाल्गुण १४ र १५ गते बैरेनीमा वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय जनगणना २०७८ को पाइलट जनगणना तयारी सम्बन्धी

अन्तर्क्रिया कार्यक्रम जनसंख्या शाखाका निर्देशक ढुण्डीराज लामिछानेको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा विभागका तर्फबाट जनसंख्या शाखाका अतिरिक्त अन्य शाखाका निर्देशकहरू लगायत तथ्याङ्क कार्यालय चितवनका त.अ. जीवनाथ आचार्यको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा  आगामी जनगणनाको पाइलट जनगणनाका क्रियाकलापहरू माथि छलफल भई उक्त क्रियाकलापहरूलाई अन्तिम रुप दिने कार्य सम्पन्न भयो । यसैगरी दोश्रो दिनमा पाइलट जनगणनाको नमूना छनौट गरी अन्तिम रुप दिइएको थियो ।

- **रा.ज.ग. २०७८ लाई लैगिकमैत्री र समावेशी  बनाउने सन्दर्भमा प्रश्नावली, निर्देशिका तथा अन्य विषयमा छलफल अन्तर्क्रिया कार्यक्रम :**

१. रा.ज.ग. २०७८ लाई लैंगिकमैत्री र समावेशी  बनाउने सन्दर्भमा प्रश्नावली, निर्देशिका तथा अन्य बिषयमा छलफल अन्तर्क्रिया सम्बन्धी पहिलो कार्यक्रम मिति २०७५ पौष १३ र १४ गते विराटनगरमा सम्पन्न भएको थियो । यस कार्यक्रममा शाखाका निर्देशक श्री ढुण्डीराज लामिछानेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै जनसंख्या शाखाले जनगणनाको हाल सम्मको तयारी र आगामी कार्यक्रमको वारेमा प्रस्तुति गर्नुभएको थियो । यसपछि कार्यक्रममा विभागका निर्देशक सरोज भट्टराईले जनगणनामा लैगिंक तथा सामाजिक  समावेशी अवधारणा र महत्व बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने दोश्रो प्रस्तुति जनगणनामा लैंगिक तथा सामाजिक समावेशीकरणका लागि गरिएका प्रयास तथा सुझावहरू विषयक प्रस्तुती महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका निर्देशक भरतराज शर्माले गर्नुभएको थियो । यसैगरी अन्य प्रस्तुतिहरू विभागका निर्देशकहरू अम्बिका बस्याल, बद्री कुमार कार्की, तिर्थराज चौलागाई, इन्द्र बहादुर कार्कीले गर्नुभएको थियो । उक्त कार्यक्रम विराटनगरका स्थानीय कार्यालयहरूबाट समेतको सहभागीता रहेको थियो ।



२. यसैगरी दोश्रो कार्यक्रम मिति २०७५ फाल्गुण २७ र २८ गते बाराको सिमरामा १६ वटा तथ्याङ्क कार्यालय प्रमुखहरूको उपस्थितिमा सम्पन्न भएको थियो । कार्यक्रममा शाखाका निर्देशक ढुण्डीराज लामिछानेले जनसंख्या शाखाले जनगणनाको हालसम्मको अवस्था र थप तयारीको बारेमा प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा जनगणनामा लैगिक तथा समावेशीकरणको  अवधारणा तथा परिभाषा, जनगणनाको उपयोगिता,,जनगणनामा लैङ्गिक र समावेशीकरण किन, राष्ट्रिय जनगणनामा लैङ्गिक र समावेशीकरणको प्रक्रिया, लैङ्गिक र समावेशीकरण सम्बन्धी विगतका अभ्यासहरू र आगामी जनगणनामा लैङ्गिक र समावेशीकरणका लागि के कसरी जनगणनालाई अगाडि बढाउन सकिन्छ भन्ने विषयहरू समेटेर कार्यपत्रहरू प्रस्तुत गरिएका थिए ।




- **रा.ज.ग. २०७८ सञ्चालन तथा व्यवस्थापन निर्देशिकाको मस्यौदा तयारी कार्यक्रम**



यसै गरी यस चौमासिकमा जनगणना सञ्चालन तथा व्यवस्थापन निर्देशिका तयारी सम्बन्धी कार्यक्रम काभ्रेपलाञ्चोकको धुलिखेलमा मिति २०७५ माघ ४  र ५ गते विभागका महानिर्देशक श्री सुमनराज अर्यालको उपस्थितिमा सम्पन्न भएको थियो । विभागका उपमहानिर्देशकहरू सहित २२ जनाको सहभागीता रहेको उक्त कार्यक्रममा आमागी जनगणना २०७८ को सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिकाको मस्यौदा तयारी गरिएको थियो । यस कार्यक्रममा राष्ट्रिय योजना आयोग र न्याय, कानून तथा संसदीय मामिला मन्त्रालयको समेत सहभागीता रहेको थियो ।

## कार्यक्रमबाट प्राप्त सुझावहरू

राष्ट्रिय योजना आयोगले बनाउने योजना र सरकारले हरेक वर्ष बनाउने वार्षिक नीति, कार्यक्रम र बजेट सबै कुराको महत्वपूर्ण र आधार राष्ट्रिय जनगणनाको तथ्याङ्क हो । यो तथ्याङ्क जति व्यवस्थित र वैज्ञानिक

हुन्छ, त्यति नै विकासका कार्यक्रम र विकासको अभियान लगायत समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य हासिल गर्न सहज हुन्छ। निर्वाचन क्षेत्रको निर्धारण र सबै सरकारका लागि वित्तीय बाँडफाँटको जगको रुपमा जनगणनाको तथ्याङ्कलाई संविधानले महत्वपूर्ण स्थान दिएको छ।

जनगणनामा लामो र बोझिलो प्रश्नावली नराखी सकभर छोटो प्रश्न राख्नु उचित हुने जसले गर्दा सही र गुणस्तरीय तथ्याङ्क प्राप्त गर्न सकिन्छ। यस कार्यमा संघ, प्रदेश र स्थानीय सरकारले समन्वय र सहकार्यका साथ कार्य गर्नुपर्ने र प्रदेश सरकारको तर्फबाट सहयोगको लागि कुनै पनि कसुर नराखिने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो।

तथ्याङ्कमा कमी कमजोरी भयो भने योजनामा असर गर्दछ। लक्षित कार्यक्रम पूरा गर्ने सवालमा असर गर्दछ, तथ्याङ्क भएन भने लक्षित कार्यक्रम कोरा नाममात्र बन्ने, तथ्याङ्क भएन भने कुनै पनि संस्थाले आफ्नो योजना बनाउन सक्दैन। यसले समृद्ध नेपाल, सुखी नेपाली को नारालाई साकार बनाउनका लागि पनि तथ्यगत तथ्याङ्कको आवश्यकता पर्दछ। संघीय गणतन्त्र कार्यान्वयनको शुरुको वर्ष भएकोले पनि तथ्याङ्कको बढी आवश्यकता छ।

खास किसिमका सूचकहरू जनगणनाबाट मात्रै आउन सक्छ; जस्तैः Literacy rate, life expectancy at birth (अपेक्षित आयु वर्ष)। जनगणनाले Baseline data दिने हुँदा यसैका आधारमा अरु Specific Survey हरू सञ्चालन गरिन्छ। तथ्याङ्क प्रयोगकर्ताले सुचकको फरक बुझिदिनु पर्नेहुन्छ। यस्ता कार्यक्रम समय समयमा होस्, प्रश्नावलीको प्रारुप तयार भईसकेपछि फेरी पनि छलफल होस् जसमा हामीले आधार तथ्याङ्क दिन सकियोस्। वडास्तरसम्म प्रचार प्रसार र पैरवी गर्ने, मृत्यूको कारण विस्तृतरुपमा संकलन गर्नु पर्ने, भारतको जनगणनामा जात जातिको विवरण लिन छाडेको र जातजातिको गणना गर्ने गरेको हुदाँ नेपालमा पनि त्यस्तै गर्नु पर्ने, शहरी क्षेत्र र ग्रामीण क्षेत्रको परिभाषा परिवर्तन गर्नुपर्ने जस्ता सुझाव दिनु भएको थियो। जनगणनाको तथ्याङ्कलाई बर्षौसम्म कुर्नुपर्ने अवस्था रहेको छ। प्रदेशले योजना बनाउन थालेको छ, तथ्याङ्कको अभाव रहेको महसुस भएको छ, २०६८ सालको जनगणनाको तथ्याङ्क नै प्रयोग गरिरहेको जुन ७ वर्ष पुरानो भएकोले वर्तमान अवस्थाको चित्रण गर्न नसकेकोले २०७८ को जनगणनाको नतिजा २०७८।७९ मा आईसकेपछि मध्यावधि मुल्यांकन गर्ने सोचमा केन्द्रीय तथ्याङ्क विभाग रहनु पर्ने देखिन्छ। बेरोजगारीको तथ्याङ्कआएमा,योजनारनीतिनिर्माणकालागिसहयोगीहुन्छ।स्थानीयतहमा मानव विकास सूचकांक तयार गर्नुपर्ने, विगतका कमीकमजोरीहरूलाई व्यवस्थापन गर्नुपर्ने, जि आई एस प्रविधिको प्रयोग गर्नुपर्ने, जनगणनाको तथ्याङ्क विश्वसनीय र भरपर्दो हुनपर्ने, आगामी जनगणनामा सुपरिवेक्षण तथा अनुगमन चुस्त हुनुपर्ने, निश्चित प्रतिशतमा संकलन गरिएको लगतको प्रमाणीकरण गर्नुपर्ने, जनगणनामा संकलित तथ्याङ्क सबै पूर्ण गणनामा आधारित हुनुपर्ने, प्रदेशस्तरीय जनगणना कार्यालयहरू खोल्नुपर्ने, तल्लो वडातहसम्म सबै सूचकहरू प्राप्त हुनुपर्ने जस्ता थुप्रै सुझावहरू प्राप्त भएका थिए।

# कृषि तथा वन तथ्याङ्क शाखाबाट सम्पादित कार्यहरू

## दूध तथा मासु उत्पादन लागत सर्भेक्षण २०७५

### १. कार्यक्रमको परिचय

देशको कृषि क्षेत्रको संरचना सम्बन्धी संख्यात्मक सूचना विभिन्न गणनावाट प्राप्त हुन्छ तर कृषि उत्पादन लागत लगायतका उत्पादनका तथ्याङ्कहरू उक्त गणनामा नसमेटिने र प्रत्येक वर्ष कुल गार्हस्थ्य उत्पादनको अनुमान प्रक्षेपण गर्दा कृषि उत्पादन लागत आवश्यक पर्ने भएकोले केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गत यस कृषि तथा वन तथ्याङ्क शाखाले आ.व. २०७३।७४ मा अस्थायी बालीको उत्पादन लागत तथा आ.व.२०७४।७५मा फलफूल बालीको उत्पादन लागत सर्वेक्षण गरिएको थियो। यसै क्रमलाई निरन्तरता दिँदै यस आ.व. मा दूध तथा मासु उत्पादन लागत सर्वेक्षण २०७५ भइरहेको छ।

### दूध व्यवसाय

यस सर्वेक्षणको प्रयोजनको लागि दूध व्यवसाय भन्नाले गाई वा भैंसीपालनलाई मात्र जनाउँदछ। यसमा बाख्रा, चौंरी वा अन्य पशुबाट उत्पादित दूध व्यवसायलाई संलग्न गरिएको छैन। कुनै पनि फर्मले गाईको हकमा न्यूनतम पाँचवटा र भैंसीको हकमा न्यूनतम दुईवटा हाल दूध दिइरहेको हुनुपर्दछ। सो भन्दा कम संख्यामा दूध दिने वस्तुपालन गरिएको फर्मलाई यस सर्वेक्षणमा संलग्न गरिएको छैन।

### मासु उत्पादन व्यवसाय

मासु उत्पादन लागत २०७५ को लागि व्यावसायिक रुपमा खसीबोका वा बँगुर पालन गर्ने कृषक वा फर्मलाई मात्र सर्वेक्षणमा संलग्न गरिने छ। यसको लागि खसी बोकाको हकमा साना ठूला गरी मासु उत्पादनका लागि कम्तीमा १० वटा खसीबोका र यसैगरी बँगुरको हकमा मासु उत्पादनका लागि साना ठूला गरी कम्तीमा १५ वटा बँगुर पालन गर्ने कृषक वा फर्मलाई मासु उत्पादन व्यवसाय मानी विवरण संकलन गर्नु पर्दछ।

### कृषक वा व्यवसायी

यस सर्वेक्षणमा कृषक वा व्यवसायी भन्नाले आफ्नो परिवार वा संस्थाले उपभोगका लागि वा बिक्री गरी अर्थोपार्जन गर्ने उद्देश्यले गाई वा भैंसीपालन वा खसी बोका वा बँगुरपालन गरी दूध वा मासु उत्पादन गर्ने व्यक्तिलाई जनाउँदछ। कृषक वा व्यवसायीहरू आफैँले नाफा नोक्सान ब्यहोर्ने गरी आफ्नो गोठ/खोर/जग्गामा वा अरूको गोठ/खोर/जग्गा कुनै शर्तमा लिई नियमितरुपले दूध व्यवसाय गर्ने गर्दछन्।

### गणनाको एकाइ (Enumeration Unit)

दूध उत्पादन लागत सर्वेक्षण २०७५ मा गणनाको एकाइ "दूध उत्पादक कृषक वा फर्म" लाई मानिएको छ र कृषक वा फर्म अनुसार तथ्याङ्क संकलन गरिन्छ।

### गणनाको कभरेज

यस सर्वेक्षणमा गाईको दूध उत्पादन, भैँसीको दुध उत्पादन गर्ने, खसीबोकाको उत्पादन गर्ने र बँगुर उत्पादन गर्ने प्रमुख १२-१२ जिल्लाहरू समेटिएका छन्।

### २. कार्यक्रमको उद्देश्य, आवश्यकता र महत्व

दूध तथा मासु उत्पादन लागत सर्वेक्षणका मुख्य उद्देश्यहरू यसप्रकार रहेका छन् :

१. दूध तथा मासु उत्पादनको राष्ट्रिय स्तरको उत्पादन लागत सम्बन्धी तथ्याङ्क उपलब्ध गराउने।

२. दूध तथा मासु व्यवसाय विकासका लागि योजना तथा नीति निर्माण गर्न आवश्यक उत्पादन लागत तथ्याङ्क उपलब्ध गराउने।

३. राष्ट्रिय लेखा अनुमानलाई अझ वस्तुपरक तथा यथार्थपरक बनाउन आवश्यक तथ्याङ्क उपलब्ध गराउने।

### ३. कार्यक्रको समयावधि र स्थान

यस दूध तथा मासु उत्पादन लागत सर्वेक्षणको प्रश्नाली सम्बन्धी अधिकृतस्तरीय गोष्ठी मिति २०७५।१०।२२ देखि २०७५।१०।२४ सम्म चितवनमा भएको थियो भने सहायक स्तरीय तालिम मिति २०७५।१०।२९ देखि २०७५।११।२ सम्म मकवानपुरमा भएको थियो। तालिम लगतै यस सर्वेक्षणको फिल्ड कार्य सुरु भईसकेको छ र यसै आ.व. भित्र फिल्ड कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

### ४. सहभागीहरूको संख्या र सहभागीवाट प्राप्त मन्तव्य, सुझाव

दूध तथा मासु उत्पादन लागत सर्वेक्षणको प्रश्नाली सम्बन्धी अधिकृतस्तरीय गोष्ठीमा १५ वटा तथ्याङ्क कार्यालयवाट कार्यालय प्रमुखहरू सहभागी हुनुहुन्थ्यो भने सहायक स्तरीय तालिममा तिनै १५ वटा तथ्याङ्क कार्यालयवाट १७ जना सहायक स्तरीय कर्मचारीहरू सहभागी हुनुहुन्थ्यो । गोष्ठी तथा तालिममा सहभागीहरूसँग सार्थक छलफल गर्नुका साथै सकारात्मक सुझावलाई प्रश्नावलीमा संशोधन पनि गरियो।

### ५. कार्यक्रमको उपलब्धि

गोष्ठी तथा तालिममा सहभागीहरूवाट फिल्डको वास्तविक अवस्था उजागर भई सो अनुसारको प्रश्नावली परिमार्जन गर्न मद्दत पुगेको छ।

### ६. कार्यक्रम सम्बन्धी अन्य विवरणहरू

दोस्रो चौमासिकको अन्त्य सम्म फिल्ड कार्यको लगभग ३३ प्रतिशत काम सकिसकेको छ भने डाटा इन्ट्रीको लागि CS-Pro सफ्टवेयर प्याकेजको काम पनि अन्तिम चरणमा छ।

## प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखाबाट सम्पादित कार्यक्रमहरू

### औद्योगिक सर्वेक्षण २०७६ को तयारी कार्य

प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखाले नियमित रुपमा औद्योगिक उत्पादन सम्बन्धी क्रियाकलापको गणना संचालन गर्दै आइरहेको र यसबाट औद्योगिक क्षेत्रको रोजगारी, कुल ग्राहस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान आदिको मापनका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउदै आएको छ । यसै सन्दर्भमा अन्तराष्ट्रिय रुपमा एकरुपता (UNIDO Recommendation) कायम गर्ने उद्देश्यले अन्य विभिन्न औद्योगिक क्रियाकलापहरू जस्तै विद्युत, ग्याँस, बाफ तथा वातानुकूलित सेवा, पानीको आपूर्ति, ढल निकास, फोहर व्यवस्थापन र उपचारात्मक क्रियाकलापहरू जस्ता क्रियाकलापहरूको एकीकृत सर्वेक्षण राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ संचालन गर्न गइरहेको छ। उक्त सर्वेक्षणको पूर्वतयारीको क्रममा प्रश्नावली निर्माणको तयारी कार्यका लागि आ.ब. २०७५/७६ को दोश्रो चौमासिकमा यस शाखाले धादिङ्गको बैरेनीमा कार्यशाला गोष्ठी सम्पन्न गरी आवश्यक राय सुझाव संकलन गर्ने कार्य समेत गरेको छ । साथै गोष्ठीबाट प्राप्त सुझावहरूलाई प्रश्नावलीमा समाबेश गरी आवश्यक परिमार्जन गर्ने तथा प्रश्नावलीलाई अन्तिम रुप दिने कार्य भइरहेको छ। साथै औद्योगिक सर्वेक्षण २०७६ को प्रश्नावली निर्देशिका, सर्वेक्षणको लागि साम्पल फ्रेमको अध्ययन तथा औधोगिक वस्तुहरूको वर्गीकरणको तयारी कार्य भैरहेको छ।

### ईँटा उद्योगमा कार्यरत श्रमिक सर्वेक्षण २०७५

केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गतको यस शाखाको नियमित कार्यक्रममा नपरेको भएता पनि यस शाखाबाट ईंटा उद्योगमा कार्यरत श्रमिक सर्वेक्षण २०७५, अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) र संयुक्त राष्ट्र संघीय बालकोष (UNICEF) को सहयोगमा संचालन भैरहेको छ । यस सर्वेक्षणबाट ईँटा उद्योगमा श्रमिकहरूको कार्य अवस्था, जातिगत, क्षेत्रगत लगायत अन्य सामाजिक संरचना, कार्यरत श्रमिकहरूको माग र आपूर्तिको अवस्था, उद्योगहरूमा देखिएका समस्याहरू बारेमा समेत जानकारी प्राप्त हुनेछ। साथै यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरू नेपाल सरकार, नीति निर्माणकर्ता, उद्योगपति तथा यसका सम्पूर्ण प्रयोगकर्ताहरूलाई उपयोगी हुने छ।

तथ्याङ्क संकलनको लागि यस सर्वेक्षणमा तीन किसिमको फारामको प्रयोग गरिएको छ। जसमध्ये उद्योग प्रतिष्ठान सम्बन्धी विवरण फाराम, उद्योग प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूको व्यक्तिगत विवरण फाराम र ईंटा उद्योगमा कार्यरत उत्पादनशील कामदार/श्रमिकहरूको सूचीकरण फारामहरू रहेका छन्।

यस सर्वेक्षणको फ्रेमको लागि राष्ट्रिय आर्थिक गणना २०७५ बाट प्राप्त ईंटा उद्योगहरूको सूची रहेको छ । दुई चरणको नमुना छनौट विधिको प्रयोग गरिएको यस सर्वेक्षणमा, पहिलो चरणमा देशभरका

इँटा उद्योगहरूको सूचीबाट ३०१ वटा इँटा उद्योगहरू छानिएको छ। यसै गरी दोश्रो चरणमा, छनौटमा परेका प्रत्येक इँटा उद्योगमा कार्यरत श्रमिकहरूको सूचीबाट दैबी छनौट विधि प्रयोग गरी १४ जना श्रमिक/श्रमिक समूहहरूको छनौट गरिएको छ। उक्त चौध जना श्रमिक/श्रमिक समूह (परिवार) हरूको आर्थिक, सामाजिक सम्बन्धी विस्तृत विवरण सर्वेक्षणमा संकलन गरिएको छ।

## कृषि तथा पशुपंक्षी गणना तथा सर्भेक्षण शाखाबाट सम्पादित कार्यहरू

### व्यावसायिक कफीखेती सर्वेक्षण २०७५



### फिल्ड कार्यको लागि गणक तथा सुपरिवेक्षकहरूको तालिम कार्यक्रम

कृषि तथा पशुपंक्षी गणना तथा सर्वेक्षण शाखाको आयोजना तथा तथ्याङ्क कार्यालय कास्कीको सहयोगमा व्यावसायिक कफीखेती सर्वेक्षण २०७५ को मुख्य फिल्ड कार्यको सहजिकरणका लागि गणक तथा सुपरिवेक्षकहरूको तालिम कार्यक्रम मिति २०७५/०८/१८ देखि २०७५/०८/२१ गते सम्म कास्कीको पोखरामा सम्पन्न भयो। उक्त तालिम कार्यक्रममा कफी खेती हुने जिल्ला कार्यक्षेत्र भएका १३ (तेह्र) वटा तथ्याङ्क कार्यालयका २० (बीस) जना गणक तथा सुपरिवेक्षकहरू सहभागी भएका थिए।

### व्यावसायिक कफीखेती सर्वेक्षण २०७५ को मुख्य फिल्डकार्य:

नेपालमा ब्यावसायिक कफीखेतीमा रोजगारीको अवस्था, कफीखेती गरिएको क्षेत्रफल, उत्पादन, बिक्रीबाट प्राप्त आम्दानी, यसमा भएको लगानी, ऋण तथा तालिमको अवस्था, जलवायु परिवर्तन र यसले कफीखेतीमा पुऱ्याएको प्रभाव सम्वन्धी ब्यवसायीको अनुभव, प्राविधिक सेवाको पँहुच, सरकारसँगको अपेक्षा लगायतका बिषयवस्तु सम्वन्धी विवरण संकलन गरि कफीखेतीको समग्र अवस्था र यसले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानको अनुमान गर्ने उद्देश्यका साथ ब्यावसायिक कफीखेती सर्वेक्षण २०७५ संचालन भएको छ। यसको लागि गत चौमासिकको मंसिर महिनावाट व्यावसायिक रुपमा कफीखेती हुने ३२ जिल्लाहरूमा मुख्य फिल्ड कार्य शुरु गरि करिब ११०० कृषकहरूबाट विवरण संकलन गर्ने कार्य सम्पन्न भएको छ।

### राष्ट्रिय कृषिगणना २०७८ को तयारी कार्य:




आगामी राष्ट्रिय कृषिगणना २०७८ का सन्दर्भमा राज्यको नयाँ संरचना अनुसार आवश्यक पर्ने स्याम्पल डिजाइनको प्रारुप तयारी, प्रश्नावलीमा समावेश गर्नुपर्ने विषयवस्तु लगायत अन्य विविध पक्षमा सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गर्ने उद्देश्यले मिति २०७५।०९।१९ र २० गते धादिङको बैरेनीमा दुई दिने कार्यक्रम सम्पन्न भएको छ। उक्त अन्तरक्रिया छलफल कार्यक्रममा विभागका विभिन्न शाखाका निर्देशक तथा तथ्याङ्क अधिकृतहरू समेत गरी १५ जनाको सहभागीता थियो। उक्त कार्यक्रममा सहभागीहरूवाट गत कृषिगणनामा अपनाइएको स्याम्पल डिजाइनको विधि प्रकृयाका सम्वन्धमा छलफल गर्नुका साथै आगामी राष्ट्रिय कृषिगणना २०७८ को स्याम्पल डिजाइन (Sample Design) का विभिन्न ढाँचाहरूमा प्रारम्भिक छलफल भइ केही ढाँचा (Designs) हरू पनि प्रस्ताव गरिएको छ। यसै सिलसिलामा मिति २०७५।१०।२९ गते प्रदेश नम्बर–१ को विराटनगर र प्रदेश नम्बर–७ को धनगढीमा कृषि क्षेत्रमा संलग्न विभिन्न कार्यालय तथा संघ–सस्थाका प्रतिनिधिहरू, अगुवा कृषकहरू लगायतका सरोकारवालहरूसँग अन्तरक्रिया छलफल कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा गत कृषिगणनाको विधि प्रकृया र प्रश्नावलीमा छलफल हुनुका साथै आगामी राष्ट्रिय कृषिगणनामा अपनाउनु पर्ने विधि प्रकृयाका साथै प्रश्नावलीमा समेट्नु पर्ने विषयवस्तुका सम्वन्धमा महत्वपूर्ण सुझावहरू प्राप्त भएका छन्।

### कृषिसँग सम्बन्धित एकीकृतसर्वेक्षण कार्यक्रम (AGRIS Program) :

न्यूनतम आधारभूत तथ्याङ्क संग्रह (Minimum Set of Core Data) प्राप्त गर्ने विश्वव्यापी रणनीति (Global Strategy) अन्तर्गत मितब्ययी तथा गुणस्तरीय कृषि तथ्याङ्क प्रणालीको विकासका लागि विश्व खाद्य तथा कृषि संगठन (FAO) को प्राविधिक सहयोगमा दश वर्षे एकीकृत कृषि सर्वेक्षण कार्यक्रम अन्तर्गत सन् २०१९ मा नेपालमा पहिलो पटक प्रदेश नं. ३ अन्तर्गत चितवन जिल्लामा कृषि सम्वन्धी एकीकृत सर्वेक्षण (Agricultural Integrated Survey, AGRIS) कार्यक्रमको लागि Pilot Survey संचालन हुदैछ। यसको प्रारम्भिक तयारी अन्तर्गत काभ्रेको धुलिखेलमा FAO Nepal को संयोजनमा कृषि तथा पशुपंक्षी बिकास मंत्रालय तथा केन्द्रीय तथ्याङ्क बिभागको सहभागीतामा मिति २०७५।११।२१ गते देखि २०७५।११।२४ गते सम्म

उक्त सर्वेक्षणको लागि प्रस्तावित मस्यौदा प्रश्नवली माथि छलफल गरि नेपालको कृषि तथ्याङ्क सान्दर्भिक प्रश्नावलीहरू तयारी गर्ने उद्देश्यले एक कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । उक्त कार्यशालामा प्रस्तावित मस्यौदा प्रश्नावलीमा सघन छलफल गरि नेपालको कृषि तथ्याङ्कको लागि सान्दर्भिक बनाउन परिमार्जन तथा थप गर्नुपर्ने विषयवस्तुका सम्वन्धमा महत्वपूर्ण सुझावहरू प्राप्त भएका छन् ।

## नेपाल बहुसूचक सर्वेक्षण (Multiple Indicators Cluster Survey) २०७५/७६ सम्बन्धी संक्षिप्त जानकारी


समाजको हरेक क्षेत्रमा तथ्याङ्कको महत्व दिनानुदिन बढ्दै गइरहेको छ। देशको विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि तथ्याङ्कहरू नितान्त आवश्यक हुन्छन् । यी सबै कार्यका लागि उत्पादित तथ्याङ्क गुणस्तरीय, भरपर्दो र विश्वसनीय हुनु जरुरी छ। साथै उत्पादित तथ्याङ्कको सही उपयोग पनि उत्तिकै आवश्यक हुन्छ। नेपालमा तथ्याङ्क संकलन तथा प्रकाशन गर्ने प्रमुख सरकारी निकाय केन्द्रीय तथ्याङ्क विभाग हो । बहुसूचक सर्वेक्षण युनिसेफद्वारा विकास गरिएको सर्वेक्षण ढाँचामा संचालित हो। यो संयुक्त राष्ट्रसंघ बालकोष अनुसार नेपाल लगायत विश्वका धेरै देशहरूमा सर्वेक्षण संचालन हुन्दै आईरहेको छ र यस सर्वेक्षणबाट प्राप्त नतिजाहरू अन्तर्राष्ट्रियस्तरमा समेत तुलनायोग्य हुन्छन् । संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ) को प्राविधिक तथा आर्थिक सहकार्यमा संचालन हुने यस सर्वेक्षण अन्तर्राष्ट्रिय सन्दर्भमा छैठौं चरणको हो। यस सर्वेक्षणको नतिजाबाट बाल मृत्युदर, पोषण, बाल स्वास्थ्य, खानेपानी तथा सरसफाई, प्रजनन् स्वास्थ्य, प्रारम्भिक बाल विकास, शिक्षा तथा साक्षरता, बाल अनुशासन, एच.आई.भी.तथा एडस्, आमसञ्चारमा पहुँच र सूचना तथा प्रविधिको प्रयोग, सुर्ती तथा मदिरा सेवनसंग सम्बन्धीत सूचकहरू, आदि तथ्याङ्कहरू उपलब्ध हुनेछन् ।

नेपाल बहुसूचक सर्वेक्षण २०७५/७६ नेपालका लागि तेश्रो र विश्वव्यापी रुपमा छैटौं सर्वेक्षण हो । नेपाल बहुसूचक सर्वेक्षण २०७५/७६ केन्द्रीय तथ्याङ्क विभाग लैंगिक तथा सामाजिक तथ्याङ्क शाखाबाट संचालित बहुसूचक सर्वेक्षण हो। विश्वव्यापी रुपमा संचालन हुने बहुसूचक सर्वेक्षण (Multiple Indicators Cluster Survey, MICS6) को छैटौं श्रृंखलाबाट विशेष गरी महिला तथा बालबालिकाको शिक्षा, स्वास्थ्य, वाल मृत्यु, पोषण, खानेपानी तथा सरसफाई, प्रजनन्, बाल विकास आदिको अवस्था बारेको स्थिति, बालबालिकाका लागि उपयुक्त विश्व (A World Fit for Children) तथा दिगो विकास लक्ष्यहरू (Sustainable Development Goals) को सूचकहरू तथा बहुआयामिक गरिवी मापनको सूचक प्राप्त भई अनुगमन तथा मूल्याङ्कनको लागि आधार तयार हुन्छ। यसबाट विषेशतः महिला तथा बालबालिका सम्बन्धी भरपर्दो तथा विश्वासिलो तथ्याङ्क आपूर्ति हुनेछ।

### सर्वेक्षणको विधि

नेपाल बहुसूचक सर्वेक्षण २०७५/७६ नमूना छनौट विधिमा आधारित सर्वेक्षण हो। यसको लागि पहिलो चरणमा वडा वा वडा खण्ड छानिएका हुन्छ। अर्थात्, वडा/वडा खण्डहरू यो सर्वेक्षणका प्राथमिक एकाइ (Primary Sampling Units, PSUs) हुन् । सर्वेक्षणका लागि नेपालको सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी प्राथमिक एकाइहरू छानिएका छन् । यस सर्वेक्षणमा यी प्राथमिक एकाइलाई क्लष्टर (Cluster) भनिएको छ।

### सर्वेक्षणको गुणस्तरियता




छनौटमा परेको क्लष्टरभित्र संकलन गरिएका सबै तथ्याङ्कहरूको स्थलगत सम्पादन (Field Edit) पनि त्यहीं गरिसक्नु पर्दछ । स्थलगत सम्पादन (Field Edit) बाट तथ्याङ्क लिँदा गल्ती भएको वा तथ्याङ्क लिन नै छुटेको वा विभिन्न मोड्युल/खण्डहरू बीचका तथ्याङ्कहरूमा असामञ्जस्यता (Inconsistency) रहेको भए सो को समयमै जानकारी हुन्छ। कहीं कतै समस्या वा गल्ती देखिएमा गणकले सम्बन्धीत परिवारमा गएर सम्पर्क राखी पुनः तथ्याङ्क लिनुपर्दछ । फिल्डमा नै विवरण सम्पादन (Data Edit) गरेर Cross Check गर्ने (भिडाएर हेर्ने) र फिल्डमा नै सच्याउने प्रकृयाले तथ्याङ्कको गुणस्तर र विश्वसनीयता बढाउन मद्दत गर्नेछ।

### अवधारणा र सन्दर्भ समय

नेपालको सन्दर्भमा यस सर्वेक्षणमा देशभित्र अक्सर बसोबास गर्ने नमूना छनोटमा परेका परिवार र परिवार भित्रका १५ देखि ४९ वर्ष उमेरका महिला, १५ देखि ४९ वर्ष उमेरका पुरुष, ५ देखि १७ वर्ष उमेरका बालबालिका र पाँचवर्ष मुनिका बालबालिकाको नछुट्ने र नदोहोरिने सिद्धान्त अवलम्बन गरी पारिवारिक तथा व्यक्तिगत विवरणहरू सङ्कलन गरिन्छ। यस सर्वेक्षणमा गणनाको समयमा अक्सर बसोबास गरेको स्थानबाट सङ्कलन विवरण संकलन गरिन्छ। अक्सर बसोबासको स्थान भन्नाले कुनै व्यक्ति धेरैजसो बसोबास गरेको स्थान वा गणनाको समयको ६ महिना वा सोभन्दा धेरै अघिदेखि बसोबास गरिरहेको स्थानलाई जनाउदछ । नेपाल बहुसूचक सर्वेक्षण छनोटमा परेका प्रत्येक घर दैलोमा गई घरपरिवार मूली वा परिवारको जिम्मेवार जान्ने बुझ्ने व्यक्तिसँग सोधी ट्याबलेटबाटै विवरण भरिने छ। यसमा शिक्षा खण्डको सन्दर्भ समय शैक्षिक सत्र २०७५ र शैक्षिक सत्र २०७६ हुनेछ । त्यसैगरी सामाजिक सुरक्षा कार्यक्रमको सन्दर्भ समय २०७४ श्रावणदेखि २०७५ असार मसान्त रहने छ। भने अन्य विवरण गणना टोलीले विवरण लिदाँको दिन नै हुने छ।


## प्रदेशगत वर्गीकरण

| | क्लस्टर संख्या | | | परिवार संख्या | | |
|---|---|---|---|---|---|---|
| | शहरी क्षेत्र | ग्रामिण क्षेत्र | जम्मा | शहरी क्षेत्र | ग्रामिण क्षेत्र | जम्मा |
| प्रदेश १ | ४० | ३६ | ७६ | १००० | ९०० | १९०० |
| प्रदेश २ | ४२ | ३१ | ७३ | १०५० | ७७५ | १८२५ |
| प्रदेश ३ | ७६ | ३३ | १०८ | १८७५ | ८२५ | २७०० |
| गण्डकी प्रदेश | ३५ | ३० | ६५ | ८७५ | ७५० | १६२५ |
| प्रदेश ५ | ३८ | ३६ | ७४ | ९५० | ९०० | १८५० |
| कर्णाली प्रदेश | २८ | २८ | ५६ | ७०० | ७०० | १४०० |
| सुदुरपश्चिम प्रदेश | ३२ | २८ | ६० | ८०० | ७०० | १५०० |
| नेपाल | २९० | २२२ | ५१२ | ७२५० | ५५५० | १२८०० |

प्रत्येक क्लस्टरबाट २५ परिवार यस सर्वेक्षणमा छनौट हुनेछन् र यसरी नेपाल भरी गरि १२८०० परिवारसँग विवरण संकलन हुनेछ। यस सर्वेक्षणको मुख्य स्थलगत कार्यको लागि मिति २०७५।१२।२७ देखिको १ महिनाको तालिम र सो पश्चात २०७६ जेठदेखि २०७६ कार्तिकसम्म गणना टोली स्थलगत कार्यमा खटिने छ। दुई चरणमा सञ्चालन हुन लागेको यस सर्वेक्षणको आवश्यक तयारी निरन्तर चलिरहेको छ।

## प्रश्नावली

यस सर्वेक्षणमा दोश्रो चरणमा Systematic Sampling विधि प्रयोग गरी छानिएका हरेक क्लस्टर मध्येका २५ परिवारबाट नै विवरण सङ्कलन गरिन्छ। यस सर्वेक्षणमा ६ प्रकारका प्रश्नावली प्रयोग हुनेछन्। सर्वप्रथम पारिवारिक प्रश्नावली भरिसकेपश्चात् क्रमश पुरुष प्रश्नावली, महिला प्रश्नावली, ५ देखि १७ वर्षका बालबालिकाको प्रश्नावली, पाँच वर्षमुनिका बालबालिकाको प्रश्नावली र पानी परीक्षण गरिने छ। प्रश्नावलीको महत्व र प्रकृतिका आधारमा पुरुष प्रश्नावली, महिला प्रश्नावली क्रमशः पुरुष गणक र महिला गणकवाट नै भरिने छ। यसरी प्रयोग गरिएका प्रश्नावलीहरू नेपाल बहुसूचक सर्वेक्षण २०७० को भन्दा धेरै परिस्कृत र केही मोडुलहरू नयाँ पनि रहेका छन्। साथै यस पटकको सर्वेक्षणमा पानीको इ कोलाइ (E Coli) र आर्सनिक (Arsenic) परीक्षण पनि गरिदै छ। विगतको सर्वेक्षणमा भने पानीको इ कोलाइ (E Coli) मात्र परीक्षण गरिएको थियो। प्रश्नावली र नमुना छनोटको विवरण तलको चित्रवाट स्पस्ट पारिएको छ।




## जनशक्ति व्यवस्थापन

नेपाल बहुसूचक सर्वेक्षण सञ्चालनका लागि केन्द्रका जनशक्तिसहित कुल १२० जना रहेका छन्। देशका ७७ जिल्लामा कुल १०४ जना सुपरिवेक्षक, गणक र मापनकर्ता रहेका छन्। नेपाल बहुसूचक सर्वेक्षण २०१९ को मुख्य तथ्याङ्क संकलनको लागि जिल्ला स्थित तथ्याङ्क कार्यालयका सुपरिवेक्षक, खरिदार तथा गणकहरू जम्मा ३६ जना र यूनिसेफ नेपालको सहयोगमा P2P संस्था मार्फत उपलब्ध गराइएका जम्मा ६८ जना गरी कुल जम्मा १०४ जनाको लागि ३० कार्य दिनको स्थलगत तथ्याङ्क संकलन तालिम संचालन पश्चात स्थलगत कार्यमा खटाइएका छन्। त्यसै गरी नेपाल बहुसूचक सर्वेक्षण, २०७५/७६ को नमुना (Sample) छनौटमा परेका ५१२ क्लस्टरहरू (Enumeration areas) को स्थलगत कार्य (Field work) मा संलग्न हुने कर्मचारीहरू विभिन्न १६ वटा टोलीमा बाँडिएका छन्। प्रत्येक समुहमा ४ जना गणकहरूका अतिरिक्त एकजना सुपरिवेक्षक (Supervisor), तथा एकजना मापनकर्ता (Measurer) रहने व्यवस्था गरिएको छ।

# नेपाल जीवनस्तर सर्वेक्षण चौथो सम्वन्धित तयारी कार्यहरू

विगतका नेपालजीवनस्तर सर्वेक्षण जस्तै चौथो सर्वेक्षणमा पनि जनताको जीवनस्तरमा आएका परिवर्तनहरूको स्थिति र विभिन्न नीति तथा कार्यक्रमले जीवनस्तरमा पारेका प्रभावहरूवारे सूचना प्रवाह गर्नु यस प्रकारका सर्वेक्षणको अनुसरण गरेको पाइन्छ। यस सर्वेक्षण को शुरुवात गर्नको लागि आवश्यक स्याम्पल छनौट गर्ने कार्य यस चौमासिकमा सम्पन्न भयो। जुन कार्यमा बिश्व बैंकको संलग्नतामा स्याम्पल छनौट विज्ञ को अग्रसरता रहेको थियो।

स्याम्पल छनौट गरिसकेपछि सूचीकरण तालिममा यसै विभाग मातहतका तथ्याङ्क कार्यालयहरूका कर्मचारीलाई पार्क एण्ड भिलेज रिर्सोटमा तालिम सम्पन्न गरी कार्य विभाजन गरियो। जस अनुसार सूचीकरण कार्य विभिन्न स्थानमा स्थलगतरुपमा घरपरिवारको सूचीकरणकार्य भइरहेको छ।

विगतका नेपालजीवनस्तर सर्वेक्षण जस्तै चौथो सर्वेक्षणमा पनि जनताको जीवनस्तरमा आएका परिवर्तनहरूको स्थिति र विभिन्न नीति तथा कार्यक्रमले जीवनस्तरमा पारेका प्रभावहरूवारे सूचना प्रवाह गर्नका लागि यस उद्देश्य अनुरुप सर्वेक्षणमा जनसंख्या, आवास, बसाइँसराइ, उपभोग, शिक्षा, स्वास्थ्य, प्रजनन्, रोजगारी, कृषि क्रियाकलाप, विप्रेषण, आय, बालश्रम, आदि जस्ता विविध क्षेत्रको तथ्यांक संकलन गर्ने योजना रहेको छ। यस पटक यसका केही मोड्यूलहरू परिमाजर्नको क्रममा रहेका छन् चरणवद्ध रुपमा व्यापक छलफल भए पश्चात प्रश्नावलीलाई अन्तिम रुप दिइकार्य प्रारम्भ गरिने लक्ष्य रहेको छ। देशभित्र रहने आमजनताको जीवनस्तर र यसमा आएको परिवर्तन लाई आत्मसात गरी आगामी योजना तर्जुमा गर्नको लागि अत्यावश्यक तथ्याङ्क मेरुदण्डको रुपमा काम गर्ने हुनाले यसको विशेष महत्व रहेको छ।

नेपालभर सञ्चालन हुने यस कार्यक्रम एक वर्ष पूरै गणना अवधि

हुनेछ । मौसमी अवधारणालाई पनि समावेश गरिएको छ । स्यापल छनौटको व्यवस्था पनि त्यसै अनुसार वितरण गरिएको छ ।

## नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ (तेस्रो) को नतिजा (वैशाख १३, २०७६) सम्बन्धी जानकारी

१. नेपालमा श्रमशक्ति तथा श्रम बजारसँग सम्बन्धीत तथ्याङ्कका उत्पादन मुख्यतः केन्द्रीय तथ्याङ्क विभागबाट सञ्चालित राष्ट्रिय जनगणना तथा श्रमशक्ति सर्वेक्षणहरूबाट भइरहेको छ । नेपालमा श्रमकेन्द्रित सर्वेक्षण (Dedicated labour survey) को रूपमा पहिलो पटक सन् १९९८/९९ मा नेपाल श्रमशक्ति सर्वेक्षण सम्पन्न भएको थियो । सन २००८ मा दोस्रो तथा सन् २०१७/१८ मा तेस्रो श्रमशक्ति सर्वेक्षण सम्पन्न गरिएका छन् । तेस्रो सर्वेक्षणमा २०१७ जुलाई देखि २०१८ जुन (वि.स. २०७४ असारदेखि २०७५ जेठ) सम्म तथ्याङ्क संकलन गरिएको थियो ।

२. यस किसिमको सर्वेक्षणबाट रोजगार (Employment), बेरोजगार (Unemployment), श्रमको अल्पउपयोग (Labour underutilization), श्रमशक्तिमा रहेको जनशक्ति (Persons in labour force) लगायतका श्रम तथ्याङ्कका आधारभत विवरणहरू प्राप्त हुन्छन । यसरी श्रम तथ्याङ्कमा एकरूपता, स्तरीयता एवं अन्तर्राष्ट्रियरूपमा तुलनायोग्य बनाउनका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (International Labour Organization) ले श्रम तथ्याङ्कका अवधारणा, परिभाषा, मापन विधि लगायतका विषयमा समय अनुसार परिमार्जन गर्दै आएको छ ।

३. यस पटकको श्रमशक्ति सर्वेक्षण पनि अन्तर्राष्ट्यि श्रम संगठनले श्रम तथ्याङ्क विज्ञहरूको १९औं सम्मेलन (International Conference of Labour Statisticians) बाट पारित श्रम तथ्याङ्क सम्बन्धी अवधारणा अनुसार सञ्चालन गरिएको छ ।

४. श्रम तथ्याङ्कको पछिल्लो परिभाषा अनुसार रोजगारीमा रहेको व्यक्ति हुन सन्दर्भ अवधिमा कम्तीमा १ घण्टा तलब/ज्याला पाउने काम गरेको वा नाफा/नोक्सान आफैं बहोर्ने गरी सञ्चालित कुनै व्यवसायमा सलग्न भएको हुनुपर्दछ । रोजगारसम्बन्धी विवरणको लागि गणनाको दिन भन्दा ठिक अघिका ७ दिन (विगत ७ दिन) लाई सन्दर्भ अवधि मानिएको छ ।

५. सन्दर्भ अवधिमा तलब/ज्याला पाउने काममा वा नाफा/नोक्सान आफै ब्यहोर्ने गरी सञ्चालित कुनै व्यवसायमा संलग्न नभएका तर विगत ३० दिनमा तलब/ज्याला पाउने काम सक्रियतापूर्वक खोजेका र त्यस्तो काम गर्न उपलब्ध भएका व्यक्तिहरूलाई बेरोजगार मानिएको छ ।


६. यसअघिको सर्वेक्षणमा जस्तै यस पटक पनि अन्तर्राष्ट्रियरूपमा तुलना गर्ने गरी तथ्याङ्क तयार पार्न १५ वर्ष वा सोभन्दा बढी उमेर समूह वा काम गर्ने उमेर समूहको जनसंख्या (Working age population) का विश्लेषण गरिएको छ । यसलाई रोजगारमा रहेको जनसंख्या (Persons in employment), बेरोजगार जनसंख्या (Unemployed population) र श्रमशक्तिभन्दा बाहिरको जनसंख्या (Population outside labour force) गरी तीन भागमा विभाजन गरी विश्लेषण गरिएको छ ।

७. श्रम तथ्याङ्क सम्बन्धी अवधारणाहरूमा आएको परिवर्तनको कारणबाट यस श्रमशक्ति सर्वेक्षणबाट प्राप्त रोजगारी, बेरोजगारी, श्रमका अल्पउपयोगजस्ता तथ्याङ्कहरू यसअघिको श्रमशक्ति सर्वेक्षणहरूबाट प्राप्त सोही प्रकारका तथ्याङ्कहरूसँग तुलना गर्न सकिने छैनन । हाम्रोजस्तो कृषिमा आधारित निर्वाहमखी अर्थव्यवस्था भएको देशमा आफ्नै उपभोगको लागि खेतीपाती तथा पशुपालन कार्य तथा पारिवारिक उपभोगका लागि वस्तु उत्पादन कार्यमा संलग्न जनशक्तिलाई यस अघिको सर्वेक्षणमा रोजगार मानिएका भए तापनि यस पटकको नयाँ परिभाषा अनुसार त्यस्ता क्रियाकलापहरू रोजगार अन्तर्गत परेका छैनन् ।

### नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ का तथ्याङ्कहरू

१. नेपालमा १५ वर्ष वा सोभन्दा बढी उमेर समूहका जनसंख्या दुई करोड सात लाख चौवालीस हजार (२,०७,४४,०००) छ । तीमध्ये सत्तरी लाख छयासी हजार (७०,८६,०००) जनसंख्या रोजगारीको क्षेत्रमा रहेका छ । यसमा चौवालीस लाख छयालीस हजार (४४,४६,०००) पुरुष छन भने छब्बीस लाख चालीस हजार (२६,४०,०००) महिला छन् । रोजगारीको क्षेत्रमा रहेको जनसंख्या (Employment to population ratio) काम गर्ने उमेर समूह अर्न्तगतको जम्मा जनसंख्याको ३४.२ प्रतिशत रहेको छ । यसैगरी बसोबासको आधारमा रोजगारीको क्षेत्रमा रहेको जनसंख्यामध्ये उनन्पचास लाख एक हजार (४९,०१,०००) शहरी क्षेत्रमा रहेका छ भने एक्काइस लाख पचासी हजार (२१,८५,०००) ग्रामीण क्षेत्रमा रहेको छ ।

रोजगारीमा रहेको जनसंख्या शहरी क्षेत्र, ग्रामीण क्षेत्र र लिंगअनुसार (प्रतिशत)




२. जम्मा रोजगारीमा रहेको जनसंख्यामध्ये ६९ प्रतिशत शहरमा र ३१ प्रतिशत ग्रामीण क्षेत्रमा रहेका पाइएको छ । रोजगारीमा रहेका पुरुषहरू मध्ये शहरमा ६८ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२ प्रतिशत रहेका छन । त्यसै गरि रोजगारिमा रहेका महिलाहरू मध्ये ७० प्रतिशत शहरमा र ३० प्रतिशत ग्रामीण क्षेत्रमा रहेका छन् ।

३. नेपालमा १५ वर्ष वा साभन्दा बढी उमेर समूहका जनसंख्यामध्ये नौ लाख आठ हजार (९,०८,०००) जनसंख्या बेरोजगार छ जसमध्ये पाँच लाख एघार हजार (५,११,०००) पुरुष छन भने तीन लाख सन्तानब्बे हजार (३,९७,०००) महिला छन। बेरोजगारमध्ये बसोबासको आधारमा छ लाख चालीस हजार (६,४०,०००) शहरी क्षेत्रमा रहेका छन भने दुई लाख अठसट्ठी (२,६८,०००) हजार ग्रामीण क्षेत्रमा रहेका छन्।

| मुख्य सूचकहरू | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| | | | हजारमा |
| काम गर्ने उमेर समूह (Working Population) | ९,२०८ | ११,५३७ | २०,७४४ |
| श्रमशक्ति (Labour Force) | ४,९५८ | ३,०३६ | ७,९९४ |
| रोजगार (Employed) | ४,४४६ | २,६४० | ७,०८६ |
| बेरोजगार (Unemployed) | ५११ | ३९७ | ९०८ |
| श्रमशक्तिभन्दा बाहिरको जनसंख्याः (Population outside labour force) | ४,२५० | ८,५०० | १२,७५० |

४. पन्ध्र वर्ष वा सोभन्दा बढी उमेरका वा काम गर्ने उमेर समूहका २ करोड सात लाख चौवालीस हजार जनसंख्यामध्ये श्रमशक्तिमा उनासी लाख चौरानब्बे हजार (७९,९४,०००) मात्र रहेका छन।

५. सन्दर्भ अवधिमा नेपालको बेरोजगारी दर (Unemployment Rate) ११.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ। यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ।

| रोजगारीका सूचकहरू | शहरी क्षेत्र | ग्रामीण क्षेत्र | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | हजारमा |
| श्रमशक्तिमा सहभागीता दर | ४१.७ | ३२.९ | ५३.८ | २६.३ | ३८.५ |
| बेरोजागरी दर | ११.६ | १०.९ | १०.३ | १३.१ | ११.४ |


६. सन् २०१७/१८ मा नेपालको श्रमशक्तिमा सहभागीता दर (Labour force participation rate) ३८.५ प्रतिशत रहेको छ। यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ। यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागीता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ।

७. रोजगारमा रहेको जनसंख्यालाई प्रदेशअनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत प्रदेश नं. ३ मा र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २४.१ प्रतिशत रहेको छ।

८. बेरोजगारी दरलाई प्रदेशअनुसार हेर्दा सबैभन्दा बढी प्रदेश नं. २ मा २०.१ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. ३ मा ७ प्रतिशत मात्र रहेको छ।

९. प्रदेशअनुसार श्रमशक्तिमा सहभागीता दर हेर्दा सबैभन्दा बढी ४७.१ प्रतिशत प्रदेश नं. ३ मा रहेको छ भने सबै भन्दा कम सुदुरपश्चिम प्रदेशमा २७.३ प्रतिशत रहेको छ।

१०. नयाँ परिभाषा अनुसार श्रमको अल्पउपयोग (Labour underutilization) भन्नाले बेरोजगार, सन्दर्भ अवधिमा ४० घण्टाभन्दा कम समय काम गरेका र थप काम गर्न चाहने वा समयको आधारमा भएका अर्धबेरोजगार (Time related underemployment) र सम्भाव्य श्रमशक्ति (Potential labour force) समेतलाई बुझाउँछ। यसबाट आउन श्रमको अल्पउपयोग दर ३९.३ प्रतिशत रहेको छ। लिङ्गको आधारमा हेर्दा यो दर पुरुषको ३२ र महिलाको ४८.८ प्रतिशत रहेको छ।




११. मुख्य काममा अक्सर काम गर्ने समय (Usual hours of work) हप्तामा ४४ घण्टा रहेको छ जसमा पुरुषको ४८ घण्टा र महिलाको ३९ घण्टा रहेको छ।

१२. अर्थतन्त्रलाई औपचारिक र अनौपचारिक क्षेत्र (Formal and Informal sector) मा हेर्दा ३७.८ प्रतिशत क्रियाकलाप औपचारिक क्षेत्र र ६२.२ प्रतिशत अनौपचारिक क्षेत्रमा रहेको छ।

१३. औपचारिक र अनौपचारिक रोजगारी (Formal and Informal employment) मा विभाजन गरी हेर्दा नेपालमा १५.४ प्रतिशत औपचारिक रोजगारी र ८४.६ प्रतिशत अनौपचारिक रोजगारी रहेको छ।

१४. रोजगारमा रहेका र तलव/ज्याला प्राप्त गर्नेहरूको औसत मासिक आम्दानी रु. १७,८०९ रहेकोमा पुरुषको औसत मासिक आम्दानी रु. १९,४६४ र महिलाको औसत मासिक आम्दानी रु. १३,६३० रहेको छ। यस अनुसार नेपाली महिलाले पुरुषको तुलनामा औसत मासिक रु. ५,८३४ (३० प्रतिशत) कम कमाउँछन।

१५. प्रामाणिक औद्योगिक वर्गीकरण (Standard Industrial Classification) अनुसार रोजगारीको वितरण हेर्दा सबैभन्दा बढी व्यक्तिहरू संलग्न ५ वटा क्षेत्रहरूमा कृषि, वन र माछापालन; थोक तथा खुद्रा बिक्री; मोटरगाडी तथा मोटरसाइकलको मर्मतसम्भार; उद्योग; निर्माण; र शिक्षामा क्रमश : २१.५, १७.५, १५.१, १३.८ र ७.९ प्रतिशत रहेको छ।

१६. प्रामाणिक पेशाको वर्गीकरण (Standard Classification of Occupation) अनुसार रोजगारीलाई हेर्दा सबैभन्दा बढी ३ वटा पेशा समूहहरूमा सेवा तथा बिक्री; प्रारम्भिक आधारभूत सेवा;

र हस्तकला (यन्त्र) र त्यससग सम्बन्धीत व्यापार गर्ने काममा क्रमशः २३.८, २०.३ र १९.६ प्रतिशत रहेको छ। सबैभन्दा कम उच्च तहका प्रबन्धकहरूको पेशामा १.२ प्रतिशत मात्र रोजगारी रहेको छ। प्रबन्धकहरू मध्ये पुरुष ८६.८ प्रतिशत र महिला १३.२ प्रतिशत रहेका छन्।


## आर्थिक वर्ष २०७५/०७६ को राष्ट्रिय लेखा तथ्याङ्क

अर्थतन्त्रका विविध पक्षहरूलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिहरूको अनुगमन तथा मूल्यांकन गर्नका लागि केन्द्रीय तथ्याङ्क विभागबाट नियमित रूपमा कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Production, GDP), उपभोग (Consumption), बचत (Saving), लगानी (Investment) आदि जस्ता महत्वपूर्ण राष्ट्रिय लेखा (National Accounts) सम्बन्धी समष्टिगत आर्थिक सूचकहरू तथा त्यससँग सम्बन्धीत तथ्याङ्कहरू तयार गरी सार्वजनिक हुने गरेको छ। यस्ता सूचकहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रका विभिन्न सरोकारवालाहरूबाट व्यापक रूपमा प्रयोग हुँदै आएको छ। नेपालमा राष्ट्रिय लेखा अनुमानहरू वि.सं. २०१७ सालदेखि शुरु गरी वि.सं. २०२१/२०२२ देखि अविच्छिन्न रूपमा तयार गरी प्रकाशन गरिँदै आएको छ। यसै क्रममा चालु आर्थिक वर्ष २०७५/७६ को सात देखि नौ महिना सम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धीत आँकडा तथा सूचनाहरू एवं बाँकी अवधिको सामान्य अवस्थाको आधारमा वस्तु तथा सेवाको उत्पादन अनुमान गरी २०७५/७६ को प्रारम्भिक अनुमान र प्राप्त संशोधित तथ्याङ्कका आधारमा विगत आर्थिक वर्ष २०७३/७४ को अन्तिम अनुमान तथा गत आर्थिक वर्ष २०७४/७५ को संशोधित अनुमान प्रकाशित गरिएको छ। हाल प्रकाशित स्थिर मूल्यका अनुमानहरू आर्थिक वर्ष २०५७/२०५८ को मूल्यमा आधारित छन्। तथ्याङ्कको उपलब्धता संगसँगै केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय लेखा तथ्याङ्क परिमार्जन नीति बमोजिम आर्थिक वर्ष २०७४/७५ र आर्थिक वर्ष २०७५/७६ का अनुमानहरूलाईक्रमशः परिमार्जन सहित प्रकाशित गर्दै लगिने छ।हाल सम्म प्राप्त अनुमानहरूको अध्ययन गर्दा चालु आर्थिक वर्ष २०७५/७६ मा आधारभूत मुल्यमा ६.८१ प्रतिशतले आर्थिक वृद्धि हुने देखिन्छ।

### १. कुल गार्हस्थ्य उत्पादन वार्षिक वृद्धिदर (Annual Growth Rate of GDP)

चालु आर्थिक वर्ष २०७५/७६ को सात देखि नौ महिना सम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धीत आँकडा तथा सूचनाहरूका आधारमा तयार गरिएको तथ्याङ्क अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) को स्थिर मूल्य वृद्धिदर आधारभूत मूल्यमा (Basic price) ६.६ ४ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। सोही वृद्धिदर गत आर्थिक वर्ष २०७४/७५ मा ६.३  प्रतिशत हुने संशोधित अनुमान र आर्थिक वर्ष २०७३/७४ मा ७.७४ प्रतिशत रहेको अन्तिम अनुमान  छ (चित्र नं. १)।


चित्र नं. १ : कुल गार्हस्थ्य उत्पादन वार्षिक बृद्धिदर




### २. वृहत औद्योगिक समूह अनुसार कुल मूल्य अभिवृद्धिवृद्धिदर (GVA by broad economic group)

समग्र औद्योगिक क्षेत्रलाई  प्राथमिक क्षेत्र (Primary), द्वितीय क्षेत्र (Secondary Sector) र सेवा  क्षेत्र (Tertiary Sector) गरी प्रमुख तीन समूहमा विभाजन गरेर तथ्याङ्क विश्लेषण गर्दा विगत तीन वर्षमाकुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान केही घट्न गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान केही बढ्न गएको देखिन्छ तर द्वितीय क्षेत्रको योगदानमा खासै घटबढ भएको देखिँदैन (चित्र नं. २)

चित्र नं. २ : बहृत औद्योगिक समूह अनुसार कूल मूल्य अभिबृद्धि दर




#### २.१ प्राथमिक क्षेत्र (Primary Sector)

यस क्षेत्र अन्तर्गत कृषि तथा वन, मत्स्य र खानी तथा उत्खनन क्षेत्र पर्दछन्। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २७.५९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २)। अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालु आर्थिक वर्ष २०७५/७६ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मुल्यमा ५.१ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। चालु आर्थिक वर्षमा मौसमी अनुकूलताका कारणले कृषि क्षेत्रमा उल्लेख्य वृद्धि, पुनर्निर्माणका लागि वन पैदावारका सामाग्री  तथा उत्खनन क्षेत्रमा उत्पादन वृद्धि जस्ता कारणहरूले यस क्षेत्रको उत्पादनमा वृद्धि भएको देखिन्छ।

#### २.२ द्वितीय क्षेत्र (Secondary Sector)

यस क्षेत्र अन्तर्गत निर्माण, उद्योग र विद्युत, ग्याँस तथा पानी क्षेत्र पर्दछन्। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १४.६ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र

नं. २)। अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालु आर्थिक वर्ष २०७५/७६ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मुल्यमा ८.१ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। खासगरीऊर्जा क्षेत्रको विस्तार, पुनर्निर्माण तथा अन्य निर्माण कार्यको तीव्रता, औद्योगिक क्षेत्रमा भएको उत्पादन वृद्धि लगायतका कारण यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर मा उल्लेख्य प्रगति देखिन्छ।


### २.३ सेवा क्षेत्र (Tertiary Sector)

यस क्षेत्र अन्तर्गत थोक तथा खुद्रा व्यापार, होटेल तथा रेष्टुरेन्ट, यातायात सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, रियल स्टेट तथा व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा पर्दछन्। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५७.८१ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २)। अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालु आर्थिक वर्ष २०७५/७६ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मुल्यमा७.२९ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। स्वदेशी वस्तुहरूको उत्पादनमा भएको वृद्धि तथा आयातित वस्तुहरूमा भएको वृद्धिले व्यापार क्षेत्रको उत्पादन सकारात्मक भएको देखिन्छ भने पर्यटकहरूको आगमनमा भएको वृद्धि, विद्युत् आपूर्तिमा भएको सहजता जस्ता कारणले होटेल, रेष्टुरेण्ट, यातायात तथा सञ्चार क्षेत्रको आर्थिकप्रगति उल्लेखनीय भएको छ। शिक्षा, स्वास्थ्य लगायतका सामाजिक सेवाहरूमा पनि क्रमिक रूपमा प्रगति भइरहेको देखिन्छ।

## ३. औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनको अंश तथा कुल मूल्य अभिवृद्धिको वृद्धिदर (Weight of Various Industries in GDP and Growth Rate of Value Added)


चालु आर्थिक वर्ष २०७५/७६को कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी अंश विगत वर्षहरू जस्तै कृषि क्षेत्रको रहेकोअनुमान गरिएको छ। गत आर्थिक वर्ष २०७४/७५ कृषि क्षेत्रले कुल गार्हस्थ्य उत्पादनको २८.०६ प्रतिशत हिस्सा ओगटेकोमा चालु आर्थिक वर्षमा यो हिस्सा घटेर २६.९८ प्रतिशत हुन पुगेको अनुमान गरिएको छ (चित्र नं. ३)। कुल पन्ध्र वटा औद्योगिक क्षेत्रमध्ये गत वर्षको तुलनामा कुल गार्हस्थ्य उत्पादनको अंश बढ्नेमाउद्योग, विद्युत् तथा ग्याँस र पानी, थोक तथा खुद्रा व्यापार, सार्वजनिक प्रशासन तथा रक्षा, स्वास्थ्य तथा सामाजिक सेवा, रियल स्टेट तथा व्यावसायिक सेवा, यातायात संचार तथा भण्डारण, निर्माण, वित्तीय मध्यस्थता, होटेल तथा रेस्टुरेन्ट र अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवा गरि एघार वटा छन् र घट्ने मा कृषि तथा वन, मत्स्य, खानी तथा उत्खनन्, शिक्षा गरी चारवटा रहेका छन्। (चित्र नं. ३)।

चित्र नं. ३ : औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनको अंश




त्यसैगरी गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको कुल मूल्यको अध्ययन गर्दा कुल पन्ध्र वटा औद्योगिक क्षेत्र मध्ये ६ वटा क्षेत्रको अघिल्लो आर्थिक वर्षको वृद्धिदर भन्दा कम रहने अनुमान रहेको छ भने ९ वटा क्षेत्रको तुलनात्मक हिसाबले वृद्धिदर बढेको देखिन्छ (चित्र नं. ४)। चालु आर्थिक वर्षमा कुल मूल्य अभिवृद्धि वृद्धिदर सबै भन्दा बढी क्रमशः विद्युत ग्यास र पानी, कृषि तथा वन, यातायात संचार तथा भण्डारण, रियल स्टेट तथा व्यावसायिक सेवा, खानी तथा उत्खनन, सार्वजनिक प्रशासन तथा रक्षा, अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवा, स्वास्थ्य तथा सामाजिक सेवा तथा शिक्षाक्षेत्रमा रहेको अनुमान गरिएको छ (चित्र नं. ४)।

चित्र नं. ४ : औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि वृद्धिदर




## ४. आ.व. २०७५/७६ मा केही प्रमुख आर्थिक सूचकहरूको अवस्था (Key Macroeconomic Indicators)

- स्थिर मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (Growth rate) आधारभूत मूल्यमा ६.८१ प्रतिशत।
- चालु मूल्य अनुसार कुल उत्पादन (Gross Output) आधारभूत मूल्यमा ४७,९६,५१९ मिलियन।
- चालु मूल्य अनुसार कुल मध्यवर्ती उपभोग (Intermediate Consumption) उपभोक्ताको मूल्यमा १७,३५,२८९ मिलियन।
- चालु मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) आधार भूत मूल्यमा २९,३२,७४४ मिलियन।
- चालु मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा ३४,६४,३१९ मिलियन।

- चालु मूल्यमा कुल स्थिर पुँजी निर्माण (Gross fixed capital formation) १२,७९,५१३ मिलियन (कुल गार्हस्थ्य उत्पादनको ३६.९३ प्रतिशत)।
- चालु मूल्यमा अन्तिम उपभोग खर्च (Final consumption) २७,५४,९९१ मिलियन (कुल गार्हस्थ्य उत्पादनको ७९.७३ प्रतिशत)।
- चालु मूल्यमा वस्तु तथा सेवाको खुद निर्यात (Net export) -१४,४७,८५० मिलियन।
- विप्रेषण ९,०८,९४० मिलियन (कुल गार्हस्थ्य उत्पादनको २६.२४ प्रतिशत)।
- प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु १,१७,४५५ अर्थात १,०३४ यु.एस डलर।

**प्राविधिक नोट (Technical Notes)**

केन्द्रीय तथ्याङ्क विभागले तयार गर्ने राष्ट्रिय लेखा सम्बन्धी अनुमानहरू संयुक्त राष्ट्रसंघ, तथ्याङ्क आयोगले (United Nations, Statistics Commission) सिफारिस गरेको System of National Accounts, 1993 मा उल्लेखित विधि र वर्गीकरणहरूमा आधारित छन।

**केही शब्दावलीहरू (Glossary)**

१. **उत्पादन (Output) :** उत्पादनहरूबाट उत्पादन गरिएका वस्तु तथा सेवाहरूलाई उत्पादन (Output) भनिन्छ।

२. **मध्यवर्ती उपभोग (Intermediate Consumption) :** उत्पादनहरूबाट नयाँ वस्तु तथा सेवाको उत्पादन गर्नका लागि उपभोग गरिएका वस्तु तथा सेवाहरूको कुल मूल्यलाई मध्यवर्ती उपभोग (Intermediate Consumption) भनिन्छ।

३. **कुल मूल्य अभिवृद्धि (Gross Value Added, GVA) :** उत्पादकहरूको कुल उत्पादनबाट (Gross Output) मध्यवर्ती उपभोग (Intermediate Consumption) घटाएपछि बाँकी रहेको वस्तु तथा सेवालाई कुल मूल्य अभिवृद्धि (Gross Value Added, GVA) भनिन्छ।

४. **कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product, GDP):** कुनै आर्थिक क्षेत्रभित्र निश्चित गणना अवधिमा भएको कुल मूल्य अभिवृद्धिको योगलाई नै कुल गार्हस्थ्य (Gross Domestic Product, GDP) भनिन्छ।

## ५. प्रदेश अनुसार आर्थिक सूचकहरूको अवस्था

**Table 1: Provincial Gross Value Added by Industrial Division, 2075/76 (at current prices)**

| | Industrial Classification | Provinces | | | | | | | Total GVA |
|---|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | Gandaki | 5 | Karnali | Sudur Paschim | |
| A | Agriculture and forestry | 176095 | 154156 | 145259 | 85191 | 130064 | 38945 | 81637 | 811347 |
| B | Fishing | 1858 | 8298 | 804 | 89 | 3230 | 21 | 361 | 14661 |
| C | Mining and quarrying | 2528 | 2637 | 6223 | 2269 | 2968 | 666 | 1218 | 18508 |
| D | Manufacturing | 37640 | 25008 | 61098 | 9142 | 27831 | 1224 | 9248 | 171190 |
| E | Electricty gas and water | 8352 | 2955 | 12643 | 7969 | 3176 | 1435 | 1633 | 38162 |
| F | Construction | 43776 | 23520 | 61378 | 32494 | 41706 | 13056 | 21790 | 237720 |
| G | Wholesale and retail trade | 46179 | 53936 | 246729 | 22760 | 44778 | 7626 | 17920 | 439930 |
| H | Hotels and restaurants | 9327 | 3008 | 24971 | 11015 | 7454 | 3525 | 3518 | 62817 |
| I | Transport, storage and communications | 23455 | 36375 | 107961 | 16394 | 30401 | 1611 | 5156 | 221353 |
| J | Financial intermediation | 17413 | 12511 | 123056 | 14895 | 19140 | 1796 | 4658 | 193469 |
| K | Real estate, renting and business activities | 33157 | 22271 | 225015 | 20676 | 29477 | 10195 | 12286 | 353077 |
| L | Public administration and defence | 12455 | 11876 | 14942 | 10022 | 13931 | 9220 | 10528 | 82975 |
| M | Education | 33821 | 35623 | 45613 | 20707 | 38089 | 16921 | 25332 | 216106 |
| N | Health and social work | 10025 | 3463 | 12164 | 9209 | 10492 | 3836 | 4306 | 53494 |
| O | Other community, social and personal service activities | 28059 | 11099 | 33165 | 22039 | 28223 | 8461 | 15376 | 146421 |
| *Total GVA including FISIM* | | 484139 | 406736 | 1121020 | 284871 | 430959 | 118537 | 214966 | 3061230 |
| Financial Intermediation Services Indirectly Measured (FISIM) | | 11565 | 8309 | 81723 | 9892 | 12711 | 1193 | 3093 | 128486 |
| *Gross Domestic Product (GDP) at basic price* | | ***472575*** | ***398427*** | ***1039297*** | ***274979*** | ***418248*** | ***117345*** | ***211873*** | 2932744 |

| | Industrial Classification | Provinces | | | | | | | Total GVA |
|---|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | Gandaki | 5 | Karnali | Sudur Paschim | |
| | Taxes less subsidies on products | 33273 | 46069 | 393458 | 13228 | 34549 | 1915 | 9083 | 531575 |
| | Gross Domestic Product (GDP) | *505848* | *444496* | *1432756* | *288207* | *452797* | *119259* | *220956* | 3464319 |
| | R = Revised<br>P = Preliminary | | | | | | | | |

## Table 2: Composition of Gross Domestic Product by Province, 2075/76 (at current prices)

| NSIC | Industrial Classification | Provinces | | | | | | | National |
|---|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | Gandaki | 5 | Karnali | Sudur Paschim | |
| A | **Agriculture and forestry** | 21.70 | 19.00 | 17.90 | 10.50 | 16.03 | 4.80 | 10.06 | 100.00 |
| B | **Fishing** | 12.68 | 56.60 | 5.48 | 0.60 | 22.03 | 0.14 | 2.47 | 100.00 |
| C | **Mining and quarrying** | 13.66 | 14.25 | 33.62 | 12.26 | 16.04 | 3.60 | 6.58 | 100.00 |
| D | **Manufacturing** | 21.99 | 14.61 | 35.69 | 5.34 | 16.26 | 0.71 | 5.40 | 100.00 |
| E | **Electricty gas and water** | 21.89 | 7.74 | 33.13 | 20.88 | 8.32 | 3.76 | 4.28 | 100.00 |
| F | **Construction** | 18.41 | 9.89 | 25.82 | 13.67 | 17.54 | 5.49 | 9.17 | 100.00 |
| G | **Wholesale and retail trade** | 10.50 | 12.26 | 56.08 | 5.17 | 10.18 | 1.73 | 4.07 | 100.00 |
| H | **Hotels and restaurants** | 14.85 | 4.79 | 39.75 | 17.53 | 11.87 | 5.61 | 5.60 | 100.00 |
| I | **Transport, storage and communications** | 10.60 | 16.43 | 48.77 | 7.41 | 13.73 | 0.73 | 2.33 | 100.00 |
| J | **Financial intermediation** | 9.00 | 6.47 | 63.60 | 7.70 | 9.89 | 0.93 | 2.41 | 100.00 |
| K | **Real estate, renting and business activities** | 9.39 | 6.31 | 63.73 | 5.86 | 8.35 | 2.89 | 3.48 | 100.00 |
| L | **Public administration and defence** | 15.01 | 14.31 | 18.01 | 12.08 | 16.79 | 11.11 | 12.69 | 100.00 |
| M | **Education** | 15.65 | 16.48 | 21.11 | 9.58 | 17.63 | 7.83 | 11.72 | 100.00 |
| N | **Health and social work** | 18.74 | 6.47 | 22.74 | 17.21 | 19.61 | 7.17 | 8.05 | 100.00 |
| O | **Other community, social and personal service activities** | 19.16 | 7.58 | 22.65 | 15.05 | 19.28 | 5.78 | 10.50 | 100.00 |
| | Average shares at basic price | **16.11** | **13.59** | **35.44** | **9.38** | **14.26** | **4.00** | **7.22** | **100.00** |
| | Average shares at purchasers price | **14.60** | **12.83** | **41.36** | **8.32** | **13.07** | **3.44** | **6.38** | **100.00** |
| | Overall growth rate at basic price | **6.49** | **6.53** | **7.04** | **7.06** | **7.37** | **5.68** | **6.25** | **6.81** |
| | Overall growth rate at purchasers price | **6.60** | **6.70** | **7.46** | **7.12** | **7.46** | **5.71** | **6.32** | **7.05** |

## Table 3: Composition of Gross Domestic Product by ISIC Division, 2075/76 (at current prices)

| NSIC | Industrial Classification | Provinces | | | | | | | National |
|---|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | Gandaki | 5 | Karnali | Sudur Paschim | |
| **A** | **Agriculture and forestry** | 36.37 | 37.9 | 12.96 | 29.91 | 30.18 | 32.85 | 37.98 | 26.5 |
| **B** | **Fishing** | 0.38 | 2.04 | 0.07 | 0.03 | 0.75 | 0.02 | 0.17 | 0.48 |
| **C** | **Mining and quarrying** | 0.52 | 0.65 | 0.56 | 0.8 | 0.69 | 0.56 | 0.57 | 0.6 |
| **D** | **Manufacturing** | 7.77 | 6.15 | 5.45 | 3.21 | 6.46 | 1.03 | 4.3 | 5.59 |
| **E** | **Electricity gas and water** | 1.73 | 0.73 | 1.13 | 2.8 | 0.74 | 1.21 | 0.76 | 1.25 |
| **F** | **Construction** | 9.04 | 5.78 | 5.48 | 11.41 | 9.68 | 11.01 | 10.14 | 7.77 |
| **G** | **Wholesale and retail trade** | 9.54 | 13.26 | 22.01 | 7.99 | 10.39 | 6.43 | 8.34 | 14.37 |
| **H** | **Hotels and restaurants** | 1.93 | 0.74 | 2.23 | 3.87 | 1.73 | 2.97 | 1.64 | 2.05 |
| **I** | **Transport, storage and communications** | 4.84 | 8.94 | 9.63 | 5.76 | 7.05 | 1.36 | 2.4 | 7.23 |
| **J** | **Financial intermediation** | 3.6 | 3.08 | 10.98 | 5.23 | 4.44 | 1.52 | 2.17 | 6.32 |

| NSIC | Industrial Classification | Provinces | | | | | | | National |
|---|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | Gandaki | 5 | Karnali | Sudur Paschim | |
| K | Real estate, renting and business activities | 6.85 | 5.48 | 20.07 | 7.26 | 6.84 | 8.6 | 5.72 | 11.53 |
| L | Public administration and defense | 2.57 | 2.92 | 1.33 | 3.52 | 3.23 | 7.78 | 4.9 | 2.71 |
| M | Education | 6.99 | 8.76 | 4.07 | 7.27 | 8.84 | 14.27 | 11.78 | 7.06 |
| N | Health and social work | 2.07 | 0.85 | 1.09 | 3.23 | 2.43 | 3.24 | 2 | 1.75 |
| O | Other community, social and personal service activities | 5.8 | 2.73 | 2.96 | 7.74 | 6.55 | 7.14 | 7.15 | 4.78 |

## राष्ट्रिय आर्थिक गणना– २०७५ को लगत प्रशोधन तथा अन्य गतिविधिहरू

राष्ट्रिय आर्थिक गणना २०७५ मा विवरण भरिएका फारामहरूको लगत प्रशोधन कार्य केन्द्रीय तथ्याङ्क विभाग र अन्तर्गतका ३३ तथ्यांक कार्यालयहरू मार्फत सञ्चालन गरिएको थियो। चालु आर्थिक वर्षको प्रथम चौमासिकबाट विभाग तथा जिल्लाका कर्मचारीहरूलाई लगत प्रशोधन सम्बन्धी तालिम दिइएको थियो। यस लगत प्रशोधन कार्यको सिलसिलामा आएका कठिनाई तथा समस्याहरूका वारेमा छलफल गर्न यस विभागमा विभिन्न मितिमा छलफल एवं वैठक सम्पन्न भएको थियो । उक्त कार्यक्रममा केन्द्रका साथै विभिन्न तथ्याङ्क कार्यालयहरूमा भइरहेको लगत प्रशोधन कार्य सम्बन्धी समस्याहरूका विषयमा समेत आवश्यक छलफल गरी समस्याहरूको तत्काल निरुपण गरिएको थियो । विभाग अन्तर्गतका तथ्याङ्क कार्यालयहरूमा कार्यरत नियमित कर्मचारीहरूबाट मात्र तोकिएको समयावधिभित्र काम सम्पन्न हुन नसक्ने भएकोले डाटाइन्ट्रीको काममा आवश्यकता अनुसार केही जिल्लाहरूमा केही संख्यामा करारका कर्मचारीहरूसमेत परिचालन गरी लगत प्रशोधनको कार्य सञ्चालन गरिएको थियो । राष्ट्रिय आर्थिक गणना २०७५ को काठमाण्डौ, ललितपुर, भक्तपुर, धादिङ र रौतहटसमेत ५ जिल्लामा भरिएका प्रश्नावली फारामहरूको लगत प्रशोधन (डाटा कोडिङ, इडिटिङ तथा डाटा इन्ट्रि) सम्बन्धी काम यस विभागमै संचालन गरिएको थियो । साथै राष्ट्रिय आर्थिक गणनाको लगत प्रशोधन कार्य सञ्चालन गर्नुपूर्व आर्थिक गणना शाखाबाट आवश्यक पूर्वतयारीका साथै गणना संचालन मुख्य कार्य समुह (Core Group) का निर्देशक तथा अधिकृतहरूवाट डाटा कोडिङ, इडिटिङ तथा डाटा इन्ट्रीको कार्यविधि निर्देशिका तयारी तथा यस कार्यमा सहभागी हुने विभाग तथा अन्तर्गत ३३ तथ्यांक कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई विभिन्न मिति र जिल्लाहरूमा डाटा कोडिङ, इडिटिङ तथा डाटा इन्ट्रि सम्बन्धी ३ दिने प्रयोगात्मक अभिमुखीकरण तालिम प्रदान गरीएको थियो। यस लगत प्रशोधन कार्यमा ३३ तथ्याङ्क कार्यालयबाट कोडिङ, इडिटिङ कार्यमा १६५ र डाटा इन्ट्री गर्ने कार्यमा २४९ समेत जम्मा ४१४ जना कर्मचारीहरू संलग्न भएका थिए। आर्थिक गणना शाखाको समन्वयमा विभागका विभिन्न तहका ३७ जना कर्मचारीहरूको सहभागीतामा राष्ट्रिय आर्थिक गणना २०७५ को लगत प्रशोधन कार्य सफलतापूर्वक सम्पन्न गरिएको थियो। राष्ट्रिय आर्थिक गणना २०७५ को कार्यमा जापान अन्तरराष्ट्रिय सहयोग नियोग JICA को प्राविधिक सहयोग रहेको छ।

### राष्ट्रिय आर्थिक गणना– २०७५ संयुक्त समन्वय समिति (Joint Coordinating Committee, JCC) को चौथो वैठक :

राष्ट्रिय आर्थिक गणना २०७५ सञ्चालनका लागि गठन गरिएको संयुक्त समन्वय समिति (Joint Coordinating Committee) को मिति २०७५ फागुन २२ गते तदनुसार सन् २०१९ को मार्च ६ का दिन यस विभागको तालिम हलमा सञ्चालन गरिएको थियो। यस वैठकमा अर्थिक गणनाका निर्देशकद्वय श्री अनिल शर्मा तथा महेशचन्द प्रधानले हालसम्म गरिएको प्रगति विवरणको समिक्षा, अगामी कार्यको नतिजा प्रकाशनका रूपरेखा र प्रारम्भिक नतिजाको समीक्षा आदिका वारे कार्यप्रत्रहरू प्रस्तुतगर्नु भएको थियो। यस संयुक्त समन्वय समिति (JCC) को वैठकमा समितिका पदाधिकारीहरू राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र उद्योग विभागका प्रतिनिधिहरू, विभागका उपमहानिर्देशक, निर्देशकहरू र तथ्याङ्क अधिकृतहरू, जापान अन्तरराष्ट्रिय सहयोग नियोग जाईकाका प्रतिनिधिहरू, नेपालका लागि जापानिज राजदूतावासका प्रतिनिधि तथा राष्ट्रिय आर्थिक गणना २०७५ को कार्यमा प्राविधिक सहयोग गर्ने जाईकाका प्रमुख सल्लाहकार तथा अन्य विज्ञहरूको उपस्थिति रहेको थियो।

## नेपालको वातावरण तथ्याङ्क २०७५ (Environment Statistics of Nepal 2019) पुस्तक प्रकाशन



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा वातावरण तथ्याङ्कको महत्व दिनानुदिन बढ्दै गइरहेको परिप्रेक्ष्यमा नेपालको वातावरणीय अवस्थाबारे जानकारी गराई स्तरीय एवं तुलनायोग्य वातावरण तथ्याङ्क नियमित रुपमा उपलब्ध गराउदै जाने क्रममा Environment Statistics of Nepal 2019 को नवौं संस्करण प्रकाशन गरिएको छ । यो प्रकाशन संयुक्त राष्ट्रसंघको तथ्याङ्क महाशाखा (UNSD) ले तयार गरेको Framework for Development of Environment Statistics, 2013 को वर्गीकरणको आधारमा वातावरणीय अवस्था र गुणस्तर, प्राकृतिक श्रोत तथा यसको प्रयोग, फोहरमैला व्यवस्थापन, दैवीप्रकोप, मानव वस्ती तथा वातावरणीय स्वास्थ्य एवं वातावरण संरक्षण, व्यवस्थापन र उपयोग गरी ६ वटा घटक (Component) मा तयार गरिएकोछ । प्रकाशित तथ्याङ्कहरू यस विभागबाट विभिन्न समयावधिमा सम्पन्न गरिएका महत्वपूर्ण गणना, सर्वेक्षणहरूबाट उत्पादित तथ्याङ्क तथा अन्य निकायहरूको प्रशासनिक अभिलेख र तथ्याङ्कहरू संकलन गरी समावेश गरिएका छन् ।

## प्रकाशन, वितरण तथा पुस्तकालय शाखाबाट सम्पादित कार्यहरू

### केन्द्रीय तथ्याङ्क विभागबाट उत्पादित तथ्याङ्क तथा प्रकाशनहरूको Statistical Advocacy and Dissemination / National Data Archive (NADA) सुसूचितिकरण कार्यक्रम

केन्द्रीय तथ्याङ्क विभागबाट उत्पादित डाटा तथा प्रकाशनहरूको जानकारी र राष्ट्रिय तथ्याङ्क अभिलेख (National Data Archive, NADA) बारे सुसूचितिकरण कार्यक्रम मिति २०७५/०९/०२ मा स्नातकोत्तर क्याम्पस, विराटनगर, मोरङ र मिति २०७६ जेष्ठ ३० मा पृथ्वी नारायण क्याम्पस कास्की, पोखरामा सम्पन्न भएको थियो । कार्यक्रममा केन्द्रीय तथ्याङ्क विभागबाट उत्पादित डाटा तथा प्रकाशनहरूको उपलब्धता तथा प्रयोगबारे जानकारी गराईनुका साथै केन्द्रीय तथ्याङ्क विभागको वेवसाईटमा रहेको राष्ट्रिय तथ्याङ्क अभिलेख (NADA) मा रहेका गणना तथा सर्वेक्षणहरूको जानकारी र यसको प्रयोगबारे सहभागीहरूलाई प्रत्यक्ष प्रयोगात्मक अभ्यास (Demonstration) गरी जानकारी गराइएको थियो ।

मिति २०७५/०९/०२ मा स्नातकोत्तर क्याम्पस, विराटनगरमा सम्पन्न कार्यक्रममा, स्नातकोत्तर क्याम्पसका सहायक क्याम्पस प्रमुख श्री प्रा. डा. टुनराज भट्टराईको प्रमुख आतिथ्यमा र तथ्याङ्क विभाग मोरङका प्रमुख अशोक भट्टराईको सभापतित्वमा सञ्चालन भएको कार्यक्रममा क्याम्पसका विभिन्न संकाय (व्यवस्थापन अध्ययन, विज्ञान तथा प्रविधि, कानुन र मानविकी तथा सामाजिक संकाय) का प्राध्यापक तथा विद्यार्थीहरू गरी करिव ७५ (पचहत्तर) जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा के.त.वि. मा प्रकाशन तथा डाटाहरूको उत्पादन, डिसिमिनेसन र वितरण प्रक्रिया सम्बन्धी जानकारी कार्यपत्र प्रस्तुत गर्दै केन्द्रीय तथ्याङ्क विभाग प्रकाशन, वितरण तथा पुस्तकालय शाखाका निर्देशक श्री तीर्थराज चौलागाँईले केन्द्रीय तथ्याङ्क विभाग का उत्पादनहरू, तिनीहरूको डिसिमिनेसन र प्रयोगकर्ताहरूले प्राप्तिका लागि गर्नुपर्ने प्रक्रियाका बारेमा प्रकाश पार्नुभयो । साथै राष्ट्रिय तथ्याङ्क अभिलेखालयको उद्देश्य, उपयोग, उपयोगिता र प्रयोग गर्ने तरिका सम्बन्धी प्रस्तुतिमा केन्द्रीय तथ्याङ्क विभागको वेवसाईटमा रहेको राष्ट्रिय तथ्याङ्क अभिलेख (NADA: www.cbs.gov.np/nada) को अनलाईन Demonstration गरी त्यहाँ अभिलेख गरिएका गणना तथा सर्वेक्षणहरूको बारेमा विस्तृत जानकारी गराउनुका साथै नाडाको प्रयोगबाट प्राध्यापक, अनुसन्धानकर्ता तथा विद्यार्थीहरूले लिनसक्ने लाभका बारेमा पनि बताउनुभयो । उक्त कार्यपत्रमा विद्युतीय माध्यमबाट गरिने Data Dissemination र सोका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाले अवलम्बन गरेका Data Portals हरूको बारेमा पनि जानकारी गराईएको थियो ।

कार्यक्रमका स्थानीय आयोजक तथ्याङ्क कार्यालय मोरङका निर्देशक श्री अशोक भट्टराईले स्थानीय स्तरमा तथ्याङ्कको उत्पादन, वितरण र तथ्याङ्कको आवश्यकता र तथ्याङ्क कार्यालय मोरङको भूमिकाका बारेमा जानकारी गराउनु भएको थियो भने स्नातकोत्तर क्याम्पस प्राध्यापक डा. शालीग्राम अधिकारीले अध्ययन तथा अनुसन्धानमा तथ्याङ्कको प्रयोग, उपलब्धता र चुनौतिहरूको बारेमा प्रस्तुति गर्नुभएको थियो । उहाँले आफ्नो प्रस्तुतिमा केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेका जीवनस्तर सर्वेक्षण र कृषि गणनाका प्रतिवेदनहरूमा संकलन भएका तर प्रकाशन नभएका थप केही तथ्याङ्कसम्बन्धी टेबलहरू थप्नुपर्ने बताउनु भयो। मुख्यतः कृषि गणनाका प्रकाशनहरूमा अन्नबालीहरूको उत्पादन र उत्पादन दर समावेश गर्नुपर्ने र यसरीनै जीवनस्तर सर्वेक्षणका रिर्पोटमा परिवारको आधारमा मात्र नभएर घरधुरीको स्वामित्वको आधारमा समेत तथ्याङ्कीय तालिकाहरू प्रकाशन गर्नुपर्ने बताउनु भयो । कार्यक्रममा सहभागी प्राध्यापकहरूले केन्द्रिय तथ्याङ्क विभागले डाटाहरूको एनालाइसिस गर्ने तरिका र डाटा एनालाइसिस गर्ने तथ्याङ्कीय सफ्टवेयर जस्तै - SPSS, STATA, EVIEWS आदिको प्रयोग सम्बन्धी तालिम पनि उपलब्ध गराउने विषयमा जिज्ञासा राखेका थिए । कार्यक्रममा सहभागीहरूको जिज्ञासा र प्रश्नहरूको जवाफ केन्द्रीय तथ्याङ्क विभागका निर्देशक श्री तीर्थराज चौलागाँईले दिनु भएको थियो । कार्यक्रमको समापनमा सहायक क्याम्पस प्रमुख प्रा. डा. टुनराज भट्टराईले यो कार्यक्रम क्याम्पसका शिक्षक तथा विद्यार्थीहरूलाई ज्यादै उपयोगी र सान्दर्भिक रहेको र यस्ता कार्यक्रम केन्द्रीय तथ्याङ्क विभागबाट बारम्बार भइ राखेमा उपयुक्त हुने कुरा बताउनु भएको थियो । अन्त्यमा केन्द्रीय तथ्याङ्क विभागका निर्देशक बिमलराज बगालेले यस कार्यक्रममा पाल्नु हुने सबै महानुभावलाई धन्यवाद प्रदान गर्दै आफ्नो मन्तव्यसहित कार्यक्रमको समापन गर्नुभएको थियो ।



यसैगरी २०७६ जेष्ठ ३० मा केन्द्रीय तथ्याङ्क विभागका उपमहानिर्देशक श्री डिल्लीराज जोशीको अध्यक्षता र पृथ्वीनारायण क्याम्पस पोखराका क्याम्पस प्रमुख प्रा.डा.चन्द्रवहादुर थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा पृथ्वी नारायण क्याम्पस, वन विज्ञान क्याम्पस, कालिका क्याम्पस तथा जनप्रिय क्याम्पस पोखराका विभिन्न निकायका प्राध्यापक तथा केही विद्यार्थीहरू गरी ८० जनाको सहभागीता रहेको थियो । उक्त कार्यशाला गोष्ठीमा केन्द्रीय तथ्याङ्कविभागका निर्देशक बिमलराज बगालेले स्वागत मन्तव्यका साथै कार्यक्रममाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा केन्द्रीय तथ्याङ्क विभागका निर्देशक श्री तीर्थराज चौलागाईंले केन्द्रीय तथ्याङ्क विभागबाट उत्पादित तथ्याङ्क तथा प्रकाशनहरूको Statistical Advocacy and Dissemination/ National Data Archive (NADA) सुसूचितिकरण विषयमा, तथ्याङ्क कार्यालय कास्कीका निर्देशक श्री जगुलाल वस्यालले कास्की जिल्लाको संक्षिप्त तथ्याङ्कीय झलक, तथ्याङ्क कार्यालय एक परिचय, जिल्लामा उपलब्ध तथ्याङ्क तथा प्रकाशनहरू र प्रयोगकर्तालाई डाटा उपलब्ध गराउन तथ्याङ्क कार्यालय, कास्कीको भूमिका विषयमा र पृथ्वीनारायण क्याम्पस, तथ्याङ्क शिक्षण विभागका विभागिय प्रमुख प्रा. श्री विकास के.सी. ले स्थानीय स्तरमा तथ्याङ्कको प्रयोग, आवश्यकता, उपलब्धता र चुनौतीहरू विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । विभागका निर्देशक श्री तीर्थराज चौलागाईको प्रस्तुतिमा केन्द्रीय तथ्याङ्क विभागको प्रकाशन, Dissemination प्रक्रिया, तथ्याङ्क सम्बन्धी विषयमा केन्द्रीय तथ्याङ्क विभागमा रहेको पुस्तकालयका साथै नेपालको विभिन्न गणना तथा सर्वेक्षणको राष्ट्रिय तथ्याङ्क अभिलेख (National Data Archive- NADA) का विषयमा समेत सहभागीहरूलाई जानकारी दिनुभएको थियो । तथ्याङ्क कार्यालय कास्कीका निर्देशक श्री जगुलाल वस्यालले कास्की जिल्लाको तथ्याङ्कीय झलक प्रस्तुत गर्नुभएको थियो भने पृथ्वीनारायण क्याम्पस, तथ्याङ्क शिक्षण विभागका विभागीय प्रमुख प्रा. डा. श्री विकास के.सी. ले स्थानीयस्तरमा तथ्याङ्क संकलनमा देखिएका समस्या, तथ्याङ्कको दोहोरोपन, आधिकारिताका विषयमा जिज्ञासा राख्नुभएको थियो । केन्द्रीय तथ्याङ्क विभागका तथ्याङ्क अधिकृत श्री ऋषिराम पोखरेलले सञ्चालन गर्नुभएको यस कार्यक्रममा विभागका तथ्याङ्क अधिकृत श्री कपिलदेव जोशीले सहजीकरण गर्नुभएको र छलफलमा उठेका विषय वस्तुहरू र समस्याका विषयमा विभागका उपमहानिर्देशक श्री डिल्लीराज जोशीले तथ्याङ्कको दोहोरोपन, आधिकारिक तथ्याङ्क, परिभाषा, मापदण्ड आदिका विषयमा सहभागीहरूका जिज्ञासाहरूलाई सम्वोधन गरी कार्यक्रमले तथ्याङ्कको सुसूचितिकरण गर्न क्याम्पसमा अध्यापनरत प्राध्यापकहरूको महत्वपूर्ण भूमिका रहने विषयमा प्रकाश पार्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

यसका अतिरिक्त यस अवधिमा Nepal in Figure 2019, नेपालको तथ्याङ्कीय झलक, २०७६ को प्रकाशन गरिनुका साथै Statistical Pocket Book of Nepal 2018 को मस्यौदा तयार गरी प्रकाशनको क्रममा रहेको छ ।

## यु.एन. इस्क्याप (UNESCAP) को उच्चस्तरीय तथ्याङ्कीय समितिको सदस्यमा नेपालको नाम सिफारिस

नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।१२।१३ को निर्णयानुसार UNESCAP को High Level Group for Partnership, Coordination and Capacity-Building for Statistics for the 2030 Agenda for Sustainable Development (HLG-PCCB) को सन् २०१९–२०२१ को कार्यकालको निम्ति नेपालको प्रतिनिधित्व गर्दै केन्द्रीय तथ्याङ्क विभाग सदस्य हुनको लागि त्यस्तो आशय लेखी पठाउने निर्णय भएको र सोही अनुसार पत्राचारहरु भएकोमा UNESCAP को २४ जून, २०१९ को पत्रबाट जानकारी हुन आए अनुसार उक्त निकाय अन्तर्गतको Bureau of the ESCAP Committee on Statistics ले UNESCAP को सचिवालयको समर्थनमा नेपालको नाम अनुमोदनार्थ United Nations Statistical Commission मा पठाएको छ । संयुक्त राष्ट्रसंघको तथ्याङ्कीय आयोगबाट नेपालको नाम अनुमोदन भएपछि दुई वर्ष अवधिका लागि नेपाल उक्त उच्चस्तरीय समितिको सदस्य हुनेछ । यसबाट दिगो विकास लक्ष्यका सूचकहरुको व्यवस्थापनमा अनुभव आदानप्रदान हुने र विभागको गरिमा तथा संस्थागत क्षमतासमेत अभिवृद्धि हुने विश्वास गरिएको छ ।

# राष्ट्रिय तथ्यगत विवरण

## (National Data Profile)

### १. पृष्ठभूमि

राज्यका सबै तहले नीति निर्माण, योजना तर्जुमा र अनुगमन तथा मूल्यांकनका, जवाफदेहिता र सिकाइका चरणमा तथ्याङ्कको अपरिहार्यतालाई आत्मसात गरिसकेको सन्दर्भमा स्थानीयतहदेखि संघीय सरकारसम्मको प्रयोगका लागि तथ्यगत विवरणहरूको भरपर्दो र दिगो

आपूर्ति संयन्त्रको स्थापना हुनु वाञ्छनीय देखिन्छ। स्थानीयदेखि केन्द्रीय तहसम्म विभिन्न स्वरुपमा रहेका सूचना तथा तथ्याङ्कले नागरिक तथा राज्यको दैनिकीमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ। सूचनाको प्रोफाइलिंग, क्लिनिंग, ट्रान्सफर, लिंक तथा ट्रान्सलेसनमार्फत् स्तरीय तथ्याङ्कको उत्पादन अहिलेको आवश्यकता हो। संघीय शासन प्रणालीमा राज्यको सबै तहका सरकारको निर्णय क्षमता अभिवृद्धिमा तथ्यगत विवरण तथा ट्रान्सलेटेड तथ्याङ्कको अहम् भूमिका हुन्छ।

सम्माननीय राष्ट्रपतिज्यूबाट आ.व. २०७५।७६ मा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदा बुँदा नं. २० मा **"अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ। त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ"** भन्ने महत्वपूर्ण नीति उल्लेख भएअनुसार केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय तथ्यगत विवरणको डाइनामिक अनलाइन डाटापोर्टलको तयारी गरेको छ। यो संघ, प्रदेश तथा स्थानीय तहको साझा डाटा प्लेटफर्मको रुपमा रहने गरी निर्माण गरिएको छ।
राष्ट्रिय तथ्यगत विवरणको यसैसाथ संलग्न प्रणाली आर्किटेक्चर अनुसार आगामी दिनमा सूचना र प्रविधिको अधिकतम उपयोग गर्दै यसलाई सबै तह र क्षेत्रका सरोकारवालाहरूको उपयोग र पहुँचमा रहने गरी परिमार्जन गर्दै लगिने गरी सफ्टवेयर र अन्य सामग्रीहरू तयार भएका छन्।

## २. उद्देश्य:

देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावना सम्बन्धी विभिन्न सरकारी निकायहरूबाट उत्पादित स्थानीय, प्रदेश र केन्दीयस्तरका सूचना तथा तथ्याङ्कलाई सूचना प्रविधिको उपयोग गरी एकीकृत र वितरण गर्ने प्रयोजनका लागि अनलाइन पोर्टल तयार गर्नु राष्ट्रिय तथ्यगत विवरणको प्रमुख उद्देश्य हो। यसका साथै नीति निर्माण, निर्णय प्रकृया, तथा अनुगमन मूल्याङ्कन कार्यमा सरोकारवालालाई तथ्याङ्कको सहज आपूर्ति गराउनु , तथ्याङ्क व्यवस्थापनमा रहेका कमि कमजोरी पहिचान गर्नु, तथ्याङ्क व्यवस्थापनमा एकीकृत प्रणाली स्थापना गर्न सहयोग पुर्‍याउनु, आधिकारिक तथ्याङ्कीय प्रणालीको विकासमा सहयोग पुऱ्याउनु र संघ, प्रदेश र स्थानीय तहको तथ्याङ्कीय क्षमता अभिवृद्धि गर्नु राष्ट्रिय तथ्यगत विवरणका अन्य उद्देश्यहरू रहेका छन्। nationaldata.gov.np राष्ट्रिय तथ्यगत विवरणका लागि तयार गरिएको आधिकारिक डाटा पोर्टल हो।

## ३. राष्ट्रिय तथ्यगत विवरण तयारी:

राष्ट्रिय तथ्यगत विवरण नेपालको भौगोलिक, प्राकृतिक, आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य विविध पक्षहरूको चित्रण हुने गरी तथ्याङ्क तथा सूचनाहरू संग्रह एवं प्रवाह गर्ने अनलाइनमा आधारित एउटा डाटा पोर्टल भएको र यसमा स्थानीय तह, प्रदेश तथा संघीय सरकारका विभिन्न निकायबाट उत्पादित तथ्याङ्क रहने हुँदा राष्ट्रिय तथ्यगत विवरणको तयारी एवं व्यवस्थापन मूलतः तीनवटै सरकारको सहभागीता र सहकार्यमा आधारित हुनेछ। राष्ट्रिय तथ्यगत विवरण तयार गर्न निम्न कार्यहरू गरिएका छन्।

१. केन्द्रीय तथ्याङ्क विभागको समन्वयमा आधिकारिक तथ्याङ्क उत्पादन गर्ने सरकारी निकायहरूसँगको छलफलबाट राष्ट्रिय तथ्यगत विवरणमा समावेश गरिने आधारभूत विषयगत तथ्याङ्कीय सूची (Data items) को पहिचान गरिएको छ। यस अन्तर्गत भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावना सम्बन्धी करिव ४०० चर (Variables) तथा सूचकहरू रहेका छन्।
२. उपरोक्त चर तथा सूचकहरूको मान (Values) राष्ट्रिय तथ्यगत विवरणमा प्रविष्ट (Entry) गर्ने प्रयोजनका लागि राष्ट्रिय तथ्यगत विवरणको ढाँचा (Template) तयार भइसकेको छ।
३. सवै विषयगत मन्त्रालय तथा स्थानीय तहले राष्ट्रिय तथ्यगत विवरणमा समावेश गर्ने भनी पहिचान गरिएका तथ्याङ्क एवं सूचकहरूको मेटाडाटा तयार गरी राष्ट्रिय तथ्यगत विवरण प्राविधिक समितिबाट अनुमोदित तथ्याङ्क प्रविष्ट ढाँचामा प्रविष्ट (Data entry) गर्नेछन्। यस कार्यका लागि संलग्न जनशक्तिलाई आवश्यक तालिम प्रदान गरिसकिएको छ।
४. विभागको समन्वयमा सबै विषयगत संघीय सरकारका मन्त्रालय, प्रदेश सरकारका मन्त्रालय तथा स्थानीय तहको सहकार्यमा राष्ट्रिय तथ्यगत विवरणमा रहेका आफ्ना तथ्याङ्क एवं सूचनालाई सालबसाली रुपमा अद्यावधिक गर्नेछन्।

## ४. आगामी सोच:

राष्ट्रिय तथ्यगत विवरणमा समयानुकुल परिमार्जन गर्न सकिने गरी तयार भएकोले आगामी दिनमा ओपन डाटाको सिद्धान्त अनुरुप तथ्याङ्कको माग बमोजिम अझ बढी प्रयोगकर्तामैत्री बनाइने छ। भौगोलिक सूचनाको महत्वलाई आत्मसात गर्दै राष्ट्रिय तथ्यगत विवरणको आगामी भर्सनहरूमा भौगोलिक सूचना प्रणाली (Geographical Information System) को उपयोग गरिने छ।

## ५. राष्ट्रिय तथ्यगत विवरण र यस सम्बन्धी तालिमको सारांश प्रतिवेदन

### ५.१ परिचय

देशभर उत्पादित विभिन्न क्षेत्रका आधिकारिक सरकारी तथ्याङ्कको डिजिटल प्रणाली स्थापना गर्ने उद्देश्यकासाथ सञ्चालित राष्ट्रिय तथ्यगत विवरण कार्यक्रम केन्द्रीय तथ्यांक विभागको समन्वय शाखाको अगुवाइमा केन्द्रीय तथ्यांक विभागबाट गठन भएको विशेष कार्य समूहबाट व्यवस्थापन गरिएको एक कार्यक्रम हो। यस कार्यक्रम अन्तरगत सबै संघीय र प्रदेशस्तरका मन्त्रालय, आयोग, निकाय र स्थानीय तहहरूबाट पूर्वस्वीकृत अनलाइन कम्प्युटर वेव प्रणालीमा तथ्यांक प्रविष्टि गर्ने र उक्त प्रणालीमा संग्रहित तथ्याङ्क सर्वसाधारण सबैले इन्टरनेटमार्फत खोज्न र हेर्न सकिने व्यवस्था मिलाइएको छ।

यस प्रतिवेदनमा तालिम शाखाको व्यवस्थापनमा सम्पन्न गरिएका उक्त कार्यक्रमसँग सम्बन्धीत विभिन्न चरणका तालिमहरूको सारांश प्रस्तुत गरिएको छ।

## ५.२ तालिम व्यवस्थापन

यो प्रणाली लागु गर्न आवश्यक प्रारम्भिक तयारी पूरा भएपछि तोकिएका सबै प्रकारका विभिन्न चरणका तालिमहरूको व्यवस्थापन गर्न मिति २०७६/०१/०५ मा विभागीय निर्णय बमोजिम कार्यतालिका स्वीकृत भइ विभागको तालिम शाखालाई कार्यादेश प्राप्त भयो। यसै अनुरुप तालिम शाखाबाट २०७६ बैसाख मसान्तसम्ममा विभागमा केन्द्रीयस्तरको मुख्य प्रशिक्षक तालिम १ वटा, संघिय निकायहरूको लागि डाटा व्यवस्थापन तालिम १ वटा, सातै प्रदेशमा एक एक वटा प्रदेशस्तरीय तालिम र सबै ७५३ स्थानीय तह समेट्ने गरी पायक पर्ने विभिन्न ३५ स्थानमा गरी तपसिल अनुसारका कुल ४४ वटा तालिमहरू सञ्चालन गरिए। उक्त तालिममा प्रदेश र स्थानीय तहस्तरमा विभागबाट खटिएका मुख्य प्रशिक्षकहरूको टोली र जिल्लास्थित तथ्यांक कार्यालयका गरि कुल ९० जना अधिकृतस्तरका कर्मचारीहरूले प्रशिक्षण गरेका थिए र करिव ९० प्रतिशत स्थानीय तहहरूको उपस्थिति रहेको थियो।

### ५.२.१ जिल्लास्थित तथ्याङ्क कार्यालयका प्रमुखहरूको तालिम

सबै ३३ तथ्यांक कार्यालयका प्रमुखहरू (निर्देशक, तथ्यांक अधिकृत)लाई दुई समुहमा विभाजित गरी बुटवल (१५ जना) र बिराटनगर (२० जना) मा क्रमशः २०७६।१।१० देखि २०७६।१।११ र २०७६।१।१७ देखि २०७६।१।१८ मा तालिम सञ्चालन गरियो। उक्त तालिममा निजहरूलाई प्रदेश तथा स्थानीय तहको तालिम सञ्चालन गर्न आवश्यक प्राविधिक र सफ्टवेयर सम्बन्धी ज्ञानसहित प्रशिक्षण दिइयो। निजहरूले प्रदेश तथा स्थानीय तहको तालिम सञ्चालनमा आवश्यकता अनुसार तालिम व्यवस्थापन, समन्वय र प्रशिक्षण समेत गरेका थिए।

### ५.२.२ मुख्य प्रशिक्षक तालिम

प्रदेश तथा स्थानीय तहस्तरीय तालिमहरू सञ्चालन गर्न आवश्यक प्राविधिक र सफ्टवेयर सम्बन्धी ज्ञानसहित २०७६।१।२२ र २०७६।१।२३ गते केन्द्रीय तथ्याङ्क विभागका निर्देशक र अन्य अधिकृतहरू गरी ५४ जना लाई २ दिवसीय मुख्य प्रशिक्षक तालिममा सहभागी गराइएको थियो। निजहरूले विभिन्न प्रदेश र स्थानीय तहसम्म भ्रमण गरी दुवै तहका सबै तालिमहरू सञ्चालन गरेका थिए।

### ५.२.३ केन्द्रीयस्तरको डाटा/तथ्यांक व्यवस्थापन सम्बन्धी तालिम

मिति २०७६।१।२४ गते संघीयस्तरका मन्त्रालय, आयोग तथा निकायहरूका अधिकृतस्तरीय कर्मचारीहरूलाई सम्लग्न गराई एक दिने डाटा प्रविष्टि, व्यवस्थापन तथा प्रयोग सम्बन्धी तालिम सञ्चालन गरियो। उक्त तालिमका प्रशिक्षार्थीहरूमध्ये केहीले प्रदेश र स्थानीय तहस्तरीय तालिममा मुख्य प्रशिक्षकको कार्य गरेका थिए।

### ५.२.४ प्रदेशस्तरीय तालिम

प्रदेशका मन्त्रालय, आयोग तथा निकायहरूका अधिकृतस्तरका कर्मचारीहरूलाई समेटी राष्ट्रिय तथ्यगत विवरणको डाटा व्यवस्थापन र प्रयोगसम्बन्धी जानकारीमूलक तालिम प्रशिक्षण विभिन्न मितिमा सञ्चालन गरियो। उक्त कार्यक्रमहरू प्रदेश १ को बिराटनगरमा २०७६।१।१७ मा र प्रदेश ५ को बुटवलमा २०७६।१।१० मा तथ्याङ्क कार्यालयका प्रमुखहरूसमेतको सहभागीतामा सम्पन्न भएको थियो। त्यसैगरी प्रदेश ३, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशमा २०७६।१।२५ मा र प्रदेश २ मा २०७६।१।२८ गते एक दिवसीय प्रदेशस्तरीय कार्यक्रमहरू सम्पन्न गरिए। उक्त कार्यक्रममा सातै प्रदेशका मन्त्रालय, आयोग तथा निकायहरूका अधिकृतस्तरका कर्मचारीहरू गरी कुल १११ जना सहभागी भएका थिए।

### ५.२.५ स्थानीय तहस्तरीय तालिम

मिति २०७६।१।२५ देखि २०७६।१।३१ सम्म देशभरीका सबै ७५३ वटा स्थानीय तहहरूका अधिकृत स्तरका सूचना तथा तथ्याङ्क व्यवस्थापनसँग सम्बन्धीत कर्मचारीहरूलाई समेटी २ दिवसीय डाटा प्रविष्टि तथा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरियो। उक्त तालिममा ६७७ वटा स्थानीय तहका प्रतिनिधिहरू उपस्थित रहे जो कुल स्थानीय तहहरूको करिव ९० प्रतिशत हुन आउँछ।

## ५.३ तालिम कार्यक्रमको समिक्षा तथा सिकाइहरू

सबै प्रदेश र स्थानीय तहका ४२ वटै तालिम सम्पन्न भएपश्चात् मिति २०७६।२।७ गते विभागमा तालिम समिक्षा कार्यक्रम सम्पन्न गरियो। विभागका महानिर्देशकज्यूको उपस्थितिमा भएको उक्त कार्यक्रममा तालिम सम्पन्न गरी फर्केका अधिकृतहरूले टोलिगतरुपमा आ–आफ्नो प्रस्तुति गरेका थिए। टोली सदस्यहरूले तालिमका सम्बन्धमा अनुभव गरेका सुधार गर्नुपर्ने निम्न कुराहरू सुझावकारुपमा व्यक्त गरेका थिए।

१. मुख्य प्रशिक्षक तालिम सम्पन्न हुनासाथ केही नजिकका तालिम स्थानहरूमा एक दिनको बाटो म्यादमा पुग्नु पर्ने स्वीकृत कार्यतालिका रहेकाले शुरुमा केही अन्योल देखिएको भएपनि सो महानिर्देशकज्यूको विशेष पहल र निर्देशनमा समाधान भएको। आउदा तालिमहरूमा यस कुरालाई सुधार गरी पर्याप्त तयारी समय दिनु पर्ने।

२. सबै स्थानीय तहको लागि छुट्टै आइ.डि. समयमै निर्माण गर्न नसकिएको देखिएकोले तालिमका क्रममा सबैलाई अलग अलग अभ्यास गराउन नसकिएको। यस्तो अवस्थामा टोली सदस्यले आफ्नो आइ.डी. प्रयोग गरी सफ्टवेयर प्रयोगको डिस्प्ले मात्र गराउन सकेको।

३. स्थानीय तहको तालिम पश्चात तत्कालको जिम्मेवारी के हुने भन्ने कुरा ठोसरुपमा भन्न नसकिएकोले तालिमबाट

प्राप्त ज्ञान पछि कसरी प्रयोग हुन्छ भन्ने कुरामा अन्योलता रहेको पाइयो।

४. स्थानीय तहका प्रतिनिधि प्रशिक्षार्थीहरू मेयर उपमेयरबाट लाए अराएको काम गर्ने भूमिकामा मात्र रहेकाले निजहरूलाई पनि यस प्रकारको तालिम वा सचेतनामूलक कार्यक्रममा सहभागी गराएमा कार्यक्रम दीगोरुपमा स्थापित हुने धारणा स्थानीय प्रतिनिधिहरूले बताएको।

५. प्रयोग गरिएको कम्प्युटर सफ्टवेयर प्रारम्भिक भर्सन मै रहेको देखिएकोले यसमा सुधार गर्नुपर्ने पर्याप्त स्थानहरू भएको।

६. सफ्टवेयरमा प्रस्तावित इन्डिकेटरहरूको मेटाडाटा तयार भैनसकेको हुनाले सबै स्थानीय तहलाई समानरुपमा यो अवधारणा र परिभाषा प्रयोग गरी तथ्याङ्क प्रविष्ट गर्नु भन्न नसकिएको।

७. मुख्य प्रशिक्षक तालिममा प्रत्येक प्रशिक्षार्थीलाई अनलाइन प्रणालीमा कम्प्युटर सफ्टवेयर अभ्यास नगराइएकोले सो अभ्यासका लागि अतिरिक्त समय र मिहिनेत खर्चनु परेको।

# तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति (आर्थिक वर्ष २०७५/७६-२०७९/८०)

## परिच्छेद १ : पृष्ठभूमि

### १.१ पृष्ठभूमि

नेपालमा तथ्याङ्क प्रणालीको औपचारिक आरम्भ विक्रम संवत् १९६८ मा सम्पन्न पहिलो जनगणनाबाट भएको मानिन्छ । वि.सं. २००८ मा जनगणना ऐन तर्जुमा हुनुअघि तथ्याङ्कीय निकायको रूपमा जनसंख्या गोश्वारा र औद्योगिक व्यापारिक समाचार संग्रह अड्डा नामक दुईवटा कार्यालयहरू अस्तित्वमा थिए । सोही वर्ष उल्लिखित दुवै निकायहरूलाई गाभेर संख्या विभागको स्थापना गरियो। यस विभागले सञ्चालन गरेको वि.सं. २००९/११ को पाँचौं राष्ट्रिय जनगणनालाई संयुक्त राष्ट्र संघको सिफारिसअनुसार सम्पन्न गरिएको नेपालको बृहत्तर जनसांख्यिक सूचक उपलब्ध गराउने तथ्याङ्कीय क्रियाकलापका रूपमा ग्रहण गरिएको छ। समग्र तथ्याङ्कीय क्रियाकलापलाई कानुनी मान्यता दिने उद्देश्यले वि.सं. २०१५ मा पहिलो पटक तथ्याङ्क ऐन जारी गरियो जुन अद्यापि कार्यान्वयनमा रहेको छ। यस कानुनको आधारमा वि.सं. २०१५ पुस १७ गते केन्द्रीय तथ्याङ्क विभागको स्थापना भई हालसम्म नेपालको आधिकारिक तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्ने केन्द्रीय निकायको रूपमा क्रियाशील रहेको छ।

केन्द्रीय तथ्याङ्क विभागले वि.सं. २०१८ सालमा देशको पहिलो कृषि गणना र वि.सं. २०२२ सालमा पहिलो औद्योगिक गणना सम्पन्न गर्यो। नेपालमा राष्ट्रिय लेखाको तयारी र सम्बन्धीत सूचकको अनुमान तयार गर्ने कार्य आर्थिक वर्ष २०१८/१९ सालदेखि प्रारम्भ गरियो। कुल गार्हस्थ्य उत्पादन, उपभोग र लगानीका अनुमानसम्बन्धी कार्य वि.सं. २०२१/२२ देखि अविच्छिन्न रूपमा भइआएको छ। केन्द्रीय तथ्याङ्क विभागबाट अन्य केही आधार सर्वेक्षण वि.सं. २०४७ पछि सुरुवात गरियो । सोअनुसार नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षण आदि आवधिक सर्वेक्षण निश्चित समय अन्तरालमा सञ्चालन भइरहेका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वि.सं. २०३३ देखि नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण नामक विशेष जनसांख्यिक सर्वेक्षण सञ्चालन गर्दै आएको छ। त्यसै गरी नेपाल राष्ट्र बैंकले वि.सं. २०२९ देखि पारिवारिक बजेट सर्वेक्षण सञ्चालन गर्दै आएको छ। नेपाल सरकारका अधिकांश मन्त्रालय लगायतका निकायसमेत तत् तत् क्षेत्रसँग सम्बन्धीत सामाजिक, आर्थिक तथा वातावरणीय तथ्याङ्कको संकलन र सङ्ग्रह गर्ने प्रमुख आधिकारिक निकायका रूपमा क्रियाशील रहेका छन्। नेपाल राष्ट्र बैंकले मूल्य तथ्याङ्क, शोधनान्तर स्थिति आदिको तथ्याङ्क वि.सं. २०२९ देखि नै निरन्तर उत्पादन गरिरहेको छ।

वर्तमान समयसम्म आइपुग्दा नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली निरन्तर क्रियाशील रहेको भए तापनि तथ्याङ्कको तीव्र गतिमा बढिरहेको माग पूरा गर्न विद्यमान प्रणालीसामु चुनौती देखिन थालेका छन्। उक्त प्रणाली तथ्याङ्कका क्षेत्रसँग सम्बद्ध अपर्याप्त जनशक्ति साथसाथै सीमित भौतिक एवम् संस्थागत संरचनाबाट संकुचित थियो। राष्ट्रिय तथ्याङ्क प्रणालीमा विषय क्षेत्रगत तथ्याङ्कको अभाव, तथ्याङ्कीय क्रियाकलापमा दोहोरोपना, तथ्याङ्कबीच असंगतताजस्ता कमजोरी विद्यमान थिए। नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई सुधार गर्ने उद्देश्यले केन्द्रीय तथ्याङ्क विभागले वि.सं. २०५७ मा समष्टिगत राष्ट्रिय तथ्याङ्क योजना तयार गर्यो। यस योजनाले तथ्याङ्क प्रणालीभित्र आंशिक सुधार मात्र ल्याउन सक्यो। तर केन्द्रीय तथ्याङ्क विभाग र अन्य सरोकार निकायको स्तरोन्नति गर्ने, तथ्याङ्क ऐन, २०१५ संशोधन गर्ने र नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीभित्र प्रभावकारी समन्वय संयन्त्र स्थापित गर्ने लगायतका महत्वपूर्ण सिफारिसलाई कार्यान्वयनमा लैजान भने यो कामयावी हुन सकेन।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहको तथ्याङ्कीय अधिकार सूचीलाई स्पष्ट पारेको छ । सोअनुसार तीन वटै तहको सरकारमा तथ्याङ्कीय क्रियाकलाप विस्तार हुँदै गएकाले राष्ट्रिय तथ्याङ्क प्रणालीलाई थप प्रभावकारी र परिष्कृत गर्नुपर्ने भएको छात्यस्तै निजी क्षेत्र, अध्येतारअनुसन्धानकर्ता, सञ्चार जगत र नागरिक समाजभित्रका सक्रिय प्रयोगकर्ताबाट समेत तथ्याङ्कको मागमा थप वृद्धि भएको छ।

संयुक्त राष्ट्र संघको आधिकारिक तथ्याङ्कका आधारभूत

सिद्धान्तसँग सामाञ्जस्य गराई राष्ट्रिय तथ्याङ्क प्रणालीले लिएको उद्देश्य हासिल हुने गरी यो रणनीति तयार गरिएको छ । यसमा प्रयोगकर्ता, तथ्याङ्कको उत्पादनसँग सम्बन्धीत विषयवस्तु, तथ्याङ्कको उत्पादन र माग सम्बोधन हुने किसिमको आपूर्ति क्षमतालाई प्राथमिकता दिइएको छ । रणनीति तयार गर्दा राष्ट्रिय तथ्याङ्क प्रणालीमा रहेका चुनौती र अवसरको विश्लेषण गरिएको छ । राष्ट्रिय तथ्याङ्क प्रणालीभित्रका सरोकारवाला पक्षसँग छलफल, अन्तर्क्रिया र राय तथा सुझाव संकलन गरी यो रणनीति तयार गरिएको छ।

### १.२ चुनौती

संघीय संरचनाबमोजिम तथ्याङ्क प्रणालीलाई सबै तहमा स्थापित गर्दै आवश्यक संगठनात्मक संरचना निर्माण र तथ्याङ्कको उत्पादन तथा आपूर्ति पद्धति व्यवस्थित गर्न कठिन हुने देखिन्छ। सांगठनिक प्रबन्ध र उत्तरदायित्वको हस्तान्तरणको कारण प्रदेश तथ्याङ्क कार्यालयको स्थापनामा विलम्ब हुन सक्ने देखिन्छ । राष्ट्रिय तथ्याङ्क उत्पादनको व्यावहारिक पक्षमाथि पर्याप्त तथ्याङ्कीय सचेतना नभएकोले संघ, प्रदेश र स्थानीय तहसम्म नै तथ्याङ्कको माग, आपूर्ति र प्रयोगलाई सम्बोधन गर्नु चुनौतीपूर्ण छ। तथ्याङ्क क्षेत्रको विकासका लागि प्राप्त हुने सहायतालाई प्रभावकारी रुपमा परिचालन गर्नु चुनौतीपूर्ण देखिएको छ । नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता र परिवेशअनुकूल आवश्यक तथ्याङ्क उत्पादन र आपूर्ति गर्ने गरी तथ्याङ्क प्रणालीमा सुधार गर्नुसमेत चुनौतीको रूपमा रहेको छ।

सरकारी, निजी, सहकारी, प्राज्ञिक तथा अन्य गैरसरकारी क्षेत्रमा बढ्दो संख्याका गणना र सर्वेक्षणका कारण उत्तरदाता माथिको बोझ बढिरहेको छ । तथ्याङ्कीय काममा भौगोलिक अड्चन र विकटताले गर्दा कठिनाइ भइरहेको छ। तथ्याङ्क सेवा र कार्यप्रति दक्ष जनशक्तिको आकर्षण बढाउने र कार्यरत जनशक्तिलाई सेवाभित्र टिकइराख्ने चुनौती रहेको छ। तथ्याङ्कीय प्रणालीको विकासका लागि आर्थिक योजना तथा तथ्याङ्क सेवा अन्तर्गतका समूहहरूको पूर्ण क्रियाशीलताको विषयसमेत चुनौतीकै रूपमा रहेको छ।

### १.३ अवसर

नेपालको संविधानबमोजिम स्थापित संघीय प्रणालीअनुसार प्रदेश र स्थानीय तहमा समेत तथ्याङ्क प्रणाली विकास र विस्तार गर्नु आवश्यक छ। तथ्याङ्क ऐन, २०१५ लाई सामयिक बनाउने प्रक्रिया अगाडि बढेको छ । तथ्यमा आधारित नीति तथा योजना तर्जुमा एवम् अनुगमन तथा मूल्याङ्कनमा जोड दिइएको हुँदा तथ्याङ्कको महत्व दिनानुदिन बढिरहेको छ। तथ्याङ्क प्रणालीमा सूचना र प्रविधिको प्रयोगलाई बढाउँदै लगिएको छ । विभिन्न मन्त्रालय तथा अन्य सरकारी निकायहरूमा व्यवस्थापन सूचना प्रणालीको अभ्यास तथा तथ्याङ्कीय गतिविधिको वृद्धि भइरहेको छ। तथ्याङ्कको उपयोगका सम्बन्धमा जनचेतना अभिवृद्धि भइरहेको छ। नीति निर्माण र योजना व्यवस्थापनका लागि गुणस्तरीय तथ्याङ्कको माग निरन्तर बढिरहेको छ।

सरकारले अन्तर्राष्ट्रिय रूपमा जनाएका प्रतिबद्धतालाई कार्यान्वयन गर्नसमेत सुदृढ राष्ट्रिय तथ्याङ्क प्रणालीको आवश्यकता रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयलाई राष्ट्रिय तथ्याङ्क प्रणालीको सर्वोच्च निकायको रूपमा स्थापित गरी समग्र समन्वय प्रभावकारी बनाउन सकिने सम्भावना छ । सरकारी निकायमा कार्यरत तथ्याङ्कीय जनशक्तिमा प्रतिस्पर्धात्मक क्षमता तथा लामो कार्य अनुभव रहेको छ।

## परिच्छेद २ : रणनीति

राष्ट्रिय विकास प्रयासलाई टेवा पुर्याउनको लागि राष्ट्रिय तथ्याङ्क प्रणालीलाई अन्तराष्ट्रिय मानकअनुसार विकसित गर्न वाञ्छनीय छ । मुलुकको आर्थिक–सामाजिक रूपान्तरण, नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा जनाएको प्रतिबद्धताको पूर्ण कार्यान्वयन र संघीय शासन प्रणालीबमोजिम स्थापना भएका संघ, प्रदेश र स्थानीय तहका सरकारको तथ्यपरक नीति निर्माण र योजना तर्जुमा, कार्यान्वयन तथा प्रतिफलको अनुगमन एवम् मूल्याङ्कनका लागि आवश्यक पर्ने तथ्याङ्क उत्पादन र आपूर्ति गर्न राष्ट्रिय तथ्याङ्क प्रणालीको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसहित रणनीति तर्जुमा गरिएको छ । यो रणनीतिपत्रले गुणस्तरीय तथ्याङ्क र नतिजा व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### २.१ दीर्घकालीन सोच (Vision)

समन्वयात्मक, क्रियाशील र सबल राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना।

### २.२ लक्ष्य (Mission)

समन्यायिक विकास र समृद्धिसम्बन्धी नीतिका लागि संघीय शासन प्रणालीसापेक्ष गुणस्तरीय तथ्याङ्क उत्पादन, व्यवस्थापन र आपूर्ति पद्धति विकास गर्ने।

### २.३ रणनैतिक उद्देश्य (Strategic objectives)

१. तथ्याङ्कीय क्रियाकलापमा संलग्न नेपाल सरकारका केन्द्रीय निकायलगायत प्रदेश र स्थानीय तहहरूको बीचमा समन्वय स्थापना गरी संघीय संरचना अनुरूपको तथ्याङ्क प्रणाली विकास गर्नु।

२. तथ्यमा आधारित नीति निर्माण तथा विकास व्यवस्थापन र प्रयोगकर्ताको माग सम्बोधन गर्न विश्वसनीय र गुणस्तरीय तथ्याङ्क उत्पादन गरी नियमित आपूर्तिको व्यवस्था मिलाउनु।

३. तथ्याङ्कीय कार्य व्यवस्थापनका लागि कानुनी र प्रक्रियागत सुधार गरी संस्थागत सुदृढीकरण गर्नु।

### २.४ रणनीति

उपर्युक्त रणनीतिक उद्देश्य हासिल गर्नका लागि देहायका रणनीति अवलम्बन गरिनेछन् :

#### २.४.१ उद्देश्य नं. १ सँग सम्बन्धीत रणनीति

(क) संघीय प्रणाली बमोजिमको संस्थागत व्यवस्था गर्ने ।

तथ्याङ्कीय क्रियाकलापमा संघीय निकायबीचको आपसी समन्वय तथा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध र समन्वयलाई प्रभावकारी बनाउन राष्ट्रिय तथ्याङ्क परिषद्को पुनर्गठन गरिनेछ। संघ, प्रदेश र स्थानीय तहले संघले उत्पादन गर्ने तथ्याङ्कमा सहजीकरण गर्न र प्रदेश र स्थानीय तहका प्रयोजनमूलक तथ्याङ्कमा गुणस्तर कायम गर्न अन्तरनिकायरतह प्राविधिक समितिहरू गठन गरिनेछ।

**(ख) संस्थागत सुदृढीकरण गर्ने ।**

प्रदेश तथा स्थानीय तहमा रहेका तथ्याङ्कीय एकाइको सुदृढीकरण र कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास गरिनेछ । स्तरीय मानक, ढाँचा, वर्गीकरण, अवधारणा र परिभाषामा एकरूपता कायम गर्न आवश्यक व्यवस्था गरी पैरवी र प्रशिक्षणसमेत सञ्चालन गरिनेछ।

**(ग) तथ्याङ्कसम्बन्धी प्रभावकारी समन्वय पद्धति विकास गर्ने ।**

संघ, प्रदेश र स्थानीय तहमा रहने तथ्याङ्कीय निकायबीच सञ्जालीकरण (Networking) गरी उत्पादित तथ्याङ्क आदानप्रदान (Data sharing) को व्यवस्था गरिनेछ। तथ्याङ्क संकलन तथा उत्पादन, व्यवस्थापन र आपूर्तिका क्रममा स्थापित मानक, प्रचलित पद्धति र असल अभ्यासलगायत प्राविधिक ज्ञानको आदानप्रदान गरिनेछ। एक निकाय वा तहले गर्ने तथ्याङ्कीय क्रियाकलापमा अर्को निकाय वा तहले सहयोग गर्ने व्यवस्था मिलाई आपसी सामन्जस्ययुक्त तथ्याङ्क उत्पादन र आपूर्ति गरिनेछ।

### २.४.२ उद्देश्य नं. २ सँग सम्बन्धीत रणनीति

**(क) गुणस्तरीय तथ्याङ्कको उत्पादन र आपूर्ति गर्ने ।**

राष्ट्रिय, समष्टिगत, विषय क्षेत्रगत, प्रादेशिक र स्थानीय नीति तथा योजना, दिगो विकास लक्ष्य लगायतका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रयासका लागि उपयुक्त हुने गरी सूचकहरूको पहिचान गरिनेछ। सूचकको प्राथमिकीकरण गरी सामाजिक, आर्थिक, वातावरणीय र शासकीय क्षेत्रसँग सम्बन्धीत तथ्याङ्क उत्पादनलाई प्राथमिकता दिइनेछ। दीर्घकालीन सोच र आवधिक योजनालाई लक्षित गरी तथ्याङ्क उत्पादनमा जोड दिइनेछ। विभिन्न निकायबाट उत्पादित तथ्याङ्क एकीकृत गरी राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ र सोको नियमितरूपमा अद्यावधिक गरिनेछ। तथ्याङ्क संकलन गर्दा राष्ट्रिय नीति तथा योजना तर्जुमा गर्नुपूर्व कार्य सम्पन्न गर्ने गरी तथ्याङ्कीय समय–सारिणी मिलाइनेछ।

**(ख) तथ्याङ्क उत्पादन र आपूर्तिमा सबै तथ्याङ्कीय स्रोतको उपयोग गर्ने ।**

राष्ट्रियस्तरका गणना, सर्वेक्षण, प्रशासनिक अभिलेख, व्यवस्थापन सूचना प्रणालीलगायत प्रदेश र स्थानीय तहबाट भएका सर्वेक्षण, अभिलेख, व्यवस्थापन सूचना प्रणाली र व्यक्तिगत घटना दर्ता प्रणालीबाट उत्पादित तथ्याङ्कलाई एकरूपता र गुणस्तर कायम हुने गरी संग्रह, विश्लेषणसहित आपूर्ति गरिनेछ। तथ्याङ्कीय आपूर्ति प्रणालीको विकास गर्दा आपूर्ति प्रणालीको अन्तर्राष्ट्रिय मानक, ढाँचा र मापदण्डको परिपालना गरिनेछ।

**(ग) तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्ने विधि अवलम्बन गर्ने ।**

तथ्याङ्कको नियमित, भरपर्दो, तुलनायोग्य, समसामयिक र सर्वसुलभ रूपमा उत्पादन र आपूर्तिका लागि संयुक्त राष्ट्र संघीय तथ्याङ्क डिभिजनबाट जारी आधिकारिक तथ्याङ्कका मूलभूत सिद्धान्तलगायत अन्तर्राष्ट्रियरूपमा प्रचलित वा सिफारिस गरिएका मानक, ढाँचा, वर्गीकरण, अवधारणा, परिभाषा र संप्रेषणरसार्वजनिकीकरण विधिजस्ता गुणस्तरसम्बन्धी विषयलाई आत्मसात गरी नेपाल स्वयंले तयार गरेका प्रामाणिक मापदण्डलाई प्रयोगमा ल्याइनेछ। गणना तथा सर्वेक्षण सञ्चालनको योजना चरणदेखि उत्पादित तथ्याङ्कको वितरणसम्मको चरणमा गुणस्तर कायम गर्ने विधि तथा उपकरण प्रयोग गरिनेछ।

### २.४.३ उद्देश्य नं. ३ सँग सम्बन्धीत रणनीति

**(क) तथ्याङ्कसम्बन्धी कानुनी सुधार गर्ने ।**

संघ, प्रदेश र स्थानीय तहको अधिकार सूची र कार्य जिम्मेवारीको आधारसमेत लिई तीनै तहका सरकारको तथ्याङ्कीय क्रियाकलापलाई कानुनीरूपमा नियमन र व्यवस्थित गर्नका लागि मौजुदा तथ्याङ्क ऐन, २०१५ लाई प्रतिस्थापन गरी तथ्याङ्क क्षेत्रको छाता ऐनको रूपमा कार्यान्वयनमा ल्याइनेछ नयाँ कानुनी व्यवस्थामा आधुनिक सूचना प्रविधिको प्रयोग, सर्वेक्षण अनुमति प्रणाली, निर्धारित तथ्याङ्क प्रणाली, समन्वय र तथ्याङ्कको स्रोतगत अन्तरआबद्धता जस्ता विषयमा ध्यान दिइनेछ। अन्य ऐन तथा नियमावलीबाट नियमित तथ्याङ्कीय क्रियाकलापलाई परस्पर नबाझिने तवरले व्यवस्थित गर्न सामयिक संशोधनको प्रक्रिया अगाडि बढाइनेछ।

**(ख) तथ्याङ्कीय कार्यको प्रक्रियागत सुधार गर्ने ।**

विभिन्न निकायबाट सर्वेक्षण सञ्चालन गर्दा उत्तरदाताको भार बढ्ने, उत्पादित तथ्याङ्कमा असामन्जस्यता देखिने र गुणस्तर कायम हुन नसक्ने विषयलाई दृष्टिगत गरी तथ्याङ्कीय क्रियाकलापलाई व्यवस्थित गर्न सर्वेक्षण अनुमति प्रणाली लागु गरिनेछ। विभिन्न विषय क्षेत्रगत तथ्याङ्क उत्पादन गर्ने केन्द्रीय निकाय, प्रदेश सरकार र स्थानीय तहबाट गरिने तथ्याङ्कीय काममा दोहोरोपना हटाई स्रोतको उच्चतम प्रयोग गर्न निर्धारित तथ्याङ्क प्रणाली (Designated statistical system) लागु गरिनेछ। गुणस्तरीय तथ्याङ्क उत्पादन र प्रयोगका लागि प्रचारप्रसार तथा पैरवीमा जोड दिइनेछ।

**(ग) तथ्याङ्कीय निकायको संस्थागत सुदृढीकरण गर्ने ।**

संघीय प्रणालीबमोजिम तथ्याङ्कीय निकायहरूको संरचनामा आवश्यक पुनरावलोकन गरिनेछ । तथ्याङ्क क्षेत्रको संस्थागत क्षमता अभिवृद्धिका लागि मौजुदा केन्द्रीय तथ्याङ्क विभागलाई राष्ट्रिय तथ्याङ्क कार्यालय (National Bureau of Statistics) मा परिणत गरिनेछ। केन्द्रीय तथ्याङ्क विभाग, जिल्लास्थित तथ्याङ्क कार्यालय, संघमा रहेका अन्य निकायका तथ्याङ्क एकाइलगायत प्रदेश र स्थानीय तहका तथ्याङ्क एकाइहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक जनशक्ति व्यवस्था गरिनेछ । तत् तत् निकायलाई आवश्यक पर्ने सूचना, सञ्चार तथा प्रविधिजन्य पूर्वाधार, अन्य भौतिक पूर्वाधार र वित्तीय साधनको व्यवस्था गरिनेछ। साथै यी निकायमा स्याम्पल फ्रेम, अवधारणा, परिभाषा, मानक, ढाँचा, मेटाडाटा लगायतका तथ्याङ्कीय पूर्वाधारको विकासमा समेत जोड दिइनेछ।

**(घ) तथ्याङ्कीय कार्यमा संलग्न मानव संसाधनको विकास गर्ने ।**

तथ्याङ्कीय कार्यमा संलग्न जनशक्तिको क्षमता विकासका लागि उनीहरूलाई तथ्याङ्कसम्बन्धी आवश्यक तालिम प्रदान गरिनेछ । निजहरूलाई अध्ययन अनुसन्धानको अवसर प्रदान गरिनेछ। तथ्याङ्कीय जनशक्तिलाई तालिम प्रदान गर्न र तथ्याङ्कसम्बन्धी अध्ययन अनुसन्धान गर्न राष्ट्रिय तथ्याङ्क प्रशिक्षण तथा अनुसन्धान केन्द्रको स्थापना गरिनेछ।

**(ङ) तथ्याङ्कीय गतिविधिमा आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने ।**

तथ्याङ्कीय क्रियाकलापका विभिन्न चरणमा आधुनिक सूचना प्रविधिको व्यापक प्रयोग गरिनेछ। तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन लगायत विभिन्न गणना र सर्वेक्षण सञ्चालन, दर्ता प्रणालीको व्यवस्थापन, अभिलेखीकरण र व्यवस्थापन सूचना प्रणालीमा उपयुक्त विद्युतीय प्रविधिको प्रयोग गरिनेछ । तथ्याङ्कको प्रभावकारी वितरण र उपलब्धताका लागि सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ।

## २.५ कार्यनीति

माथि उल्लिखित रणनीतिको कार्यान्वयनका लागि तपसिल अनुसारको कार्यनीतिहरू अवलम्बन गरिनेछ।

### १) रणनीति २.४.१ सँग सम्बन्धीत

(क) संघीय पद्धतिबमोजिमको संस्थागत व्यवस्था गर्ने।

१. प्रादेशिक तथ्याङ्कीय निकाय तथा स्थानीय तहको समेत प्रतिनिधित्व रहने गरी मौजुदा राष्ट्रिय तथ्याङ्क परिषद्को पुनर्गठन गरिनेछ। प्रदेशस्तरमा तथ्याङ्कीय निकायबीचको समन्वय प्रभावकारी बनाउन प्रदेश तथ्याङ्क परिषद् गठन गरिनेछ।

२. संघ अन्तर्गतका निकायले सञ्चालन गर्ने गणना, सर्वेक्षण तथा अन्य तथ्याङ्कीय कार्यको समन्वयात्मक रूपमा गुणस्तर कायम गर्न आवश्यकताअनुसार प्राविधिक समितिहरू गठन गरिनेछ।

३. संघ, प्रदेश र स्थानीय तहले संघले उत्पादन गर्ने तथ्याङ्कमा सहजीकरण गर्ने र प्रदेश र स्थानीय तहका प्रयोजनमूलक तथ्याङ्कमा गुणस्तर कायम गर्न तहगत प्रतिनिधित्व रहने गरी प्राविधिक समिति गठन गरिनेछ।

४. तथ्याङ्कीय जनशक्ति विकास, अध्ययन अनुसन्धान र अन्तर्राष्ट्रिय जगतमा विकसित असल अभ्यासको आदानप्रदानका लागि अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग परिचालन गरिनेछ। यस किसिमको सहयोगबाट प्रदेश र स्थानीय तहमा रहेका तथ्याङ्कीय एकाइसमेत लाभान्वित हुने व्यवस्था मिलाइनेछ।

५. राष्ट्रिय तथ्याङ्क कार्यालय र संघमा रहने तथ्याङ्कीय निकायले प्रदेश तथा स्थानीय तहमा रहेका तथ्याङ्कीय एकाइसँग समन्वय गरी संस्थागत सुदृढीकरण तथा कार्यरत जनशक्तिको क्षमता र वृत्ति विकासमा सहयोग गर्ने व्यवस्था मिलाइनेछ।

(ख) संस्थागत सुदृढीकरण गर्ने।

१. केन्द्रीय तथ्याङ्क विभागलगायत संघीय निकायमा रहेका तथ्याङ्कीय निकाय तथा एकाइलाई परिवर्तित संघीय प्रणाली, विश्वव्यापी प्रचलित मापदण्ड, गुणस्तर र तथ्याङ्कको बढ्दो माग सम्बोधन गर्न सक्षम बनाउनका लागि ती निकायहरूको संरचना तथा कार्य प्रणालीमा पुनरावलोकन गरिनेछ।

२. प्रदेश तथा स्थानीय तहमा रहेका तथ्याङ्कीय एकाइको सुदृढीकरण र कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास गरिनेछ । स्तरीय मानक, ढाँचा, वर्गीकरण, अवधारणा र परिभाषामा एकरूपता कायम गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

३. मौजुदा केन्द्रीय तथ्याङ्क विभागलाई राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत गरिनेछ।

४. राष्ट्रिय तथ्याङ्क कार्यालय तथा संघीय सरकारका विषयगत कार्यालयका तथ्याङ्कीय एकाइमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाका जनशक्ति परिचालन गरिनेछ। प्रदेश तथा स्थानीय तहका तथ्याङ्कीय एकाइमा तथ्याङ्कीय जनशक्ति परिचालन गरिनेछ।

५. तथ्याङ्कीय क्रियाकलापका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण, वित्तीय स्रोत, भौतिक सामग्री र उपकरणको उपयुक्त व्यवस्था गरिनेछ।

६. तथ्याङ्कीय कार्यमा आवश्यक पर्ने सूचना, सञ्चार तथा प्रविधिजन्य पूर्वाधार र तथ्याङ्कीय पूर्वाधारको विकास गरिनेछ।

७. तथ्याङ्कको गोपनीयता तथा सुरक्षाका लागि आवश्यक मापदण्ड बनाई लागु गरिनेछ।

(ग) तथ्याङ्कसम्बन्धी प्रभावकारी समन्वय प्रणालीको विकास गर्ने।

१. संघ, प्रदेश र स्थानीय तहका तथ्याङ्कीय निकायबीचको सम्बन्ध स्थापना, समन्वयात्मक कार्यपद्धति विकास र सञ्जालीकरण गरिनेछ।

२. तथ्याङ्कसम्बन्धी प्राविधिक ज्ञानको आदानप्रदान गरिनेछ । आवश्यकताअनुसार प्रदेश तथा स्थानीय तथ्याङ्कीय एकाइलाई प्राविधिक सहायता उपलब्ध गराउने व्यवस्था गरिनेछ।

३. विश्वविद्यालय लगायतका शैक्षिक संस्था, अनुसन्धानमूलक संस्था, गैरसरकारी संघसंस्थासँग समन्वय गरी विशेषज्ञ सेवा आदानप्रदान गरिनेछ।

४. तथ्याङ्क उत्पादक, प्रदायक र प्रयोगकर्ताबीच सम्बन्ध स्थापना गर्न तथ्याङ्कीय साक्षरतासम्बन्धी कार्यक्रम, अन्तरसम्वाद र प्रचारप्रसारलाई प्राथमिकता दिइनेछ।

५. सुदृढ र नियमित तथ्याङ्क उत्पादन हुने प्रणालीको विकास गरी तथ्याङ्क प्रदायक वा उत्तरदाता माथिको भार (Respondents burden) कम गरिनेछ। यसका लागि आवश्यक कार्यविधि बनाई सर्वेक्षण अनुमति प्रणाली लागु गरिनेछ।

**२) रणनीति २.४.२ सँग सम्बन्धीत**

(क) गुणस्तरीय तथ्याङ्कको उत्पादन र आपूर्ति गर्ने।

१. स्थानीय तहसम्मका तथ्याङ्क तथा सूचक एकीकृतरूपमा तयार गरी उपलब्ध गराउन सूचना प्रविधिमा आधारित राष्ट्रिय तथ्यगत विवरण (National data profile) तयार गरिनेछ । यो प्रणालीलाई नियमितरूपमा अद्यावधिक गर्दै लगिनेछ।

२. राष्ट्रिय योजना आयोगले निर्धारण गरेका दिगो विकास लक्ष्यका राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहका सूचकको उपयुक्त विधिद्वारा मापन, संकलन, सम्पादन र विश्लेषण गरिनेछ। सोको लागि आवश्यक पर्ने गणना तथा सर्वेक्षण सञ्चालन गरिनेछ।

३. राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहका नीति तथा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचकको उत्पादन तथा प्रक्षेपण गरिनेछ।

४. राष्ट्रिय लेखाका त्रैमासिक तथा वार्षिक अनुमान तयार गरी यसको आधारमा आपूर्ति–उपयोग तालिका (Supply and use table) र आगत (निर्गत तालिका (Input-output table) समेत तयार गरिनेछ। उत्पादन तथा मूल्यसम्बन्धी तथ्याङ्क तथा सूचकाङ्कहरू तयार गरिनेछ । राष्ट्रिय लेखाका आधारभूत अनुमानहरू प्रदेशस्तरसम्म तयार गरिनेछ।

५. संघ, प्रदेश तथा स्थानीय तहको आवश्यकताअनुसार सामाजिक, आर्थिक, वातावरणीय र शासकीय क्षेत्रका विभिन्न विषयको तथ्याङ्क उत्पादन गरिनेछ।

६. राष्ट्रिय प्राथमिकताका नवीनतम विषय र अन्तर्राष्ट्रियस्तरमा नेपालले गरेका प्रतिबद्धतासम्बन्धी विषयको तथ्याङ्क उत्पादन गरिनेछ।

७. तथ्याङ्कमा सहज पहुँचका लागि खुला तथ्याङ्क (Open data) को अवधारणा अवलम्बन गरिनेछ।

(ख) तथ्याङ्क उत्पादन तथा आपूर्तिमा उपलब्ध तथ्याङ्कीय स्रोतको उपयोग गर्ने।

१. राष्ट्रिय जनगणना, राष्ट्रिय कृषि गणना र राष्ट्रिय आर्थिक गणना तोकिएको समय अन्तरालमा सञ्चालन गरिनेछ।

२. नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षण, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, पारिवारिक बजेट सर्वेक्षण, वातावरण तथ्याङ्क लगायतका कार्यक्रमहरूलाई निश्चित समय अन्तरालमा सञ्चालन गर्ने गरी निरन्तरता दिइनेछ। नेपाल सरकारले आवश्यकता महसुस गरेका अन्य सर्वेक्षणसमेत सञ्चालन गरिनेछ।

३. संघ, प्रदेश र स्थानीय तहका सरकारी तथा अर्धसरकारी निकायमा रहेका प्रशासनिक अभिलेख तथा व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त विवरण, नक्शांकन तथा अनुसन्धान प्रतिवेदनहरूले उपलब्ध गराएका तथ्याङ्करसूचकको संग्रह, प्रशोधन र विश्लेषण गरी आपूर्ति गरिनेछ।

४. व्यक्तिगत घटना दर्ता प्रणालीलाई थप प्रभावकारी बनाउन विद्यमान पद्धति र अनलाइन दर्ता प्रणालीमा आधारित विवरणको प्रशोधन गरी जनसांख्यिक सूचकहरू तयार गरिनेछ।

५. विभिन्न स्रोतबाट प्राप्त हुने तथ्याङ्करसूचकको गुणस्तर कायम गरी विभिन्न निकायबीच आदानप्रदान गर्ने पद्धति विकास गरिनेछ।

६. विभिन्न स्रोतबाट तथ्याङ्क उत्पादन, व्यवस्थापन र आपूर्ति गर्ने कार्यमा भएको प्रगति र उपलब्धि तथा असरको अनुगमन र मूल्याङ्कन गरिनेछ।

७. गणना तथा सर्वेक्षण सञ्चालन र नतिजा प्राप्तिको समय सारिणीलाई योजना तर्जुमाको समयसँग आबद्ध गरिनेछ।

८. विभिन्न तथ्याङ्कीय निकायबाट हुने तथ्याङ्क उत्पादन, व्यवस्थापन र आपूर्तिका लागि विषयगत व्यवस्थापन सूचना प्रणालीको विकास गरी अधिकतम उपयोग गरिनेछ। प्रशासनिक अभिलेखलाई व्यवस्थापन सूचना

प्रणालीमा आबद्ध गराई तथ्याङ्कीय क्रियाकलापलाई आधुनिक प्रविधि र सूचना प्रणालीमैत्री बनाइनेछ।

९. बिग डाटा (Big data) लाई तथ्याङ्क प्रणालीमा क्रमशः एकीकृत गर्दै लगिनेछ।

(ग) तथ्याङ्कको गुणस्तर सुनिश्चितता गर्ने विधि अवलम्बन गर्ने।

१. संयुक्त राष्ट्र संघीय तथ्याङ्क डिभिजनबाट जारी गरिएका आधिकारिक तथ्याङ्कका मूलभूत सिद्धान्तको अनुसरण गरी तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गरिनेछ।

२. अन्तर्राष्ट्रियस्तरमा प्रचलनमा रहेका अवधारणा, परिभाषा, मानक, ढाँचा र वर्गीकरणलाई आत्मसात गरिनेछ। यस किसिमका गुणस्तर तत्वलाई नेपालको सन्दर्भमा परिमार्जन गरी प्रामाणिक मापदण्ड तयार गरिनेछ।

३. तथ्याङ्कको सम्प्रेषण, सार्वजनिकीकरण र वितरणको लागि अन्तर्राष्ट्रियस्तरमा प्रचलित उत्तम अभ्यासको अवलम्बन गरिनेछ।

४. उत्पादित तथ्याङ्कलाई स्तरीय स्वरूपमा परम्परागत (मुद्रित) तथा डिजिटल माध्यमबाट प्रकाशन, प्रसार तथा वितरण गरिनेछ।

५. गणना तथा सर्वेक्षण सञ्चालन गर्दा प्रयोग हुने प्रश्नावली, निर्देशिका र अन्य फारामको तयारी, जनशक्ति आपूर्ति, तालिम व्यवस्थापन, विवरण संकलन, सुपरिवेक्षण तथा अनुगमन, विवरणको सांकेतीकरण, सम्पादन, विश्लेषण र प्रकाशन लगायतका चरणमा स्तरीय तथा मान्य विधि र प्रक्रिया अवलम्बन गरी गुणस्तर कायम गरिनेछ।

६. तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषणका लागि त्रुटि न्यूनीकरणमैत्री, नवीन र लागतप्रभावी प्रविधिको उपयोग गरिनेछ।

७. तथ्याङ्कीय तालिका बुझ्नका लागि लाग्ने समयलाई कम गर्न तथा उत्पादनलाई अझ परिष्कृत गर्न नतिजामा यथासम्भव रेखाचित्र, नक्शा, व्युत्पादित तथ्याङ्क (Derived statistics), विश्लेषणात्मक प्रतिवेदन आदिको अवलम्बन गरिनेछ।

८. प्रकाशित तथ्याङ्कमा सोसँग सम्बन्धीत प्राविधिक पक्षको जानकारी दिन वर्णनात्मक विवरण (मेटाडाटा) प्रकाशन गरिनेछ। प्रयोगकर्ताको जानकारीका लागि प्रकाशित तथ्याङ्कको सबल तथा दुर्बल पक्ष, अवलम्बन गरिएको विधि, भ्रमांश (Error) को मात्रा, अनुत्तर (Non-response) को मात्रा, सन्दर्भ समय, स्रोत र गुणस्तर अभिवृद्धि गर्न चालिएका कदम आवश्यकताअनुसार उल्लेख गरिनेछ।

### ३) रणनीति ३.४.३ सँग सम्बन्धीत

(क) तथ्याङ्कसम्बन्धी कानुनी सुधार गर्ने।

१. तथ्याङ्क ऐन, २०१५ को प्रतिस्थापन विधेयक तयार भएपछि त्यसको कार्यान्वयनलाई सहयोग पुग्ने गरी नियमावली बनाई संस्थागत प्रबन्ध मिलाइनेछ।

२. प्रदेश र स्थानीय तहले आ नो तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्दा तथ्याङ्कीय प्रणाली, तथ्याङ्क उत्पादन एवम् वितरणका लागि आवश्यक मापदण्ड यही नीतिअनुसार हुनेछ।

३. तथ्याङ्क प्रणालीको विकासका लागि संघ, प्रदेश र स्थानीय तहका तथ्याङ्कीय एकाइलाई उपयोग गरिनेछ।

४. तथ्याङ्कीय क्रियाकलापसम्बन्धी अन्य ऐन तथा नियमावलीमा समेत सामयिक संशोधनको प्रक्रिया अगाडि बढाइनेछ।

(ख) तथ्याङ्कीय कार्यको प्रक्रियागत सुधार गर्ने।

१. तथ्याङ्कीय क्रियाकलापमा दोहोरोपना हटाई उपलब्ध स्रोतको उच्चतम प्रयोग गर्न निर्धारित तथ्याङ्क प्रणाली लागु गरी सरकारका सबै तह तथा निकायको काम, कर्तव्य र अधिकार स्पष्ट गरिनेछ।

२. तथ्याङ्क उत्पादक, प्रयोगकर्ता र उत्तरदाताबीचको सुदृढ सम्बन्ध स्थापना गर्न प्रचारप्रसार तथा पैरवीमा जोड दिई आपसी समन्वय, ज्ञान हस्तान्तरण, उत्पादनको आदानप्रदानजस्ता विषयलाई प्राथमिकता दिइनेछ।

३. तथ्याङ्क उत्पादक, प्रदायक र प्रयोगकर्ताको बीचमा प्रभावकारी सम्बन्ध स्थापना सुनिश्चित गरिनेछ। प्रयोगकर्ताको माग सम्बोधन हुने तथ्याङ्क तथा सूचक उत्पादन तथा आपूर्तिको प्रबन्ध क्रमशः लागु गरिनेछ।

४. उत्तरदाताको भार कम गर्न र प्रत्युत्तर दर (Response rate) बढाउन सर्वेक्षण योजनाको चरणदेखि नै पहल गरिनेछ।

५. महत्वपूर्ण गणना तथा सर्वेक्षण सञ्चालन गर्न तथ्याङ्कीय पात्रो (Statistical calendar) तयार गरी लागु गरिनेछ। अग्रिम प्रकाशन पात्रो (Advance release calendar) तयार गरी सोबमोजिम तथ्याङ्क प्रकाशन, प्रसार र वितरण गरिनेछ।

६. राष्ट्रिय विकास लक्ष्य र दिगो विकास लक्ष्यको प्रगति मापनका लागि सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालासँग समन्वय गरी राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रमुख तथ्याङ्क उत्पादकको कार्य गर्ने व्यवस्था गरिनेछ।

(ग) तथ्याङ्कीय कार्यमा संलग्न मानव संसाधनको विकास गर्ने।

१. संलग्न जनशक्तिको तथ्याङ्कसम्बन्धी प्राविधिक सीप तथा सूचना प्रविधिसम्बन्धी दक्षता अभिवृद्धि कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. कार्य विशिष्टिकरण अभिवृद्धिका लागि नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवालाई पूर्ण क्रियाशील गराइनेछ।

३. प्रदेश तथा जिल्लास्तरमा रहने तथ्याङ्कीय संस्थालाई जनशक्ति विकासको स्रोत केन्द्रको रूपमा समेत विकास गरिनेछ।

४. राष्ट्रिय तथ्याङ्क प्रशिक्षण तथा अनुसन्धान केन्द्रको स्थापना गरिनेछ । यस केन्द्रमा तथ्याङ्कीय कार्यमा संलग्न जनशक्ति र यसका प्रयोगकर्ता तथा निजी क्षेत्रको जनशक्तिलाई तालिम दिने कार्यको थालनी गरिनेछ । साथै तथ्याङ्कसम्बन्धी अध्ययन अनुसन्धानको व्यवस्था गरिनेछ।

(घ) तथ्याङ्कीय क्रियाकलापमा नवीनतम प्रविधिको प्रयोग गर्ने।

१. गणना, सर्वेक्षणलगायत सबै तथ्याङ्कीय काम कारबाहीमा नवीनतम सूचना, सञ्चार र प्रविधिको अधिकतम प्रयोग गरिनेछ।

२. सबै तहका सार्वजनिक निकायको वेबसाइटमा तथ्याङ्कीय सामग्री अधिकतम रूपमा समावेश गरिनेछ।

३. तथ्याङ्क संकलन कार्यमा ट्याबलेट, इन्टेलिजेन्ट क्यारेक्टर रिकग्निशन, अप्टिकल मार्क रिकग्निशन लगायतका डिजिटल उपकरण र अनलाइन रेस्पोन्सको प्रयोग बढाइनेछ। तथ्याङ्क प्रशोधन, विश्लेषण, प्रकाशन, सम्प्रेषण र वितरण कार्यमा समेत सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ।

४. व्यक्तिगत घटना दर्ता प्रणालीको व्यवस्थापनमा अनलाइन पद्धति अवलम्बन गरिनेछ। प्रशासनिक प्रतिवेदनहरूको अभिलेखन र व्यवस्थापन सूचना प्रणालीका सबै चरणमा उपयुक्त डिजिटल प्रविधिको प्रयोग गरिनेछ।

५. उत्पादित तथ्याङ्कलाई अनलाइन माध्यमबाट प्रचार, प्रसार तथा वितरण गरिनेछ । विभिन्न निकाय तथा तहका बीचमा तथ्याङ्कको आदानप्रदानका लागि नेटवर्क स्थापना गरी सूचना प्रविधिमैत्री बनाइनेछ।

६. तथ्याङ्क संकलन र विश्लेषणमा भू-सूचना प्रणालीको उपयोग गरिनेछ। प्रकाशनहरूमा भू-सान्दर्भिक (Geo-referenced) सूचक समावेश गरिनेछ।

७ नवीनतम प्रविधिको प्रयोग गरी तत्समय आँकडा (Real time data) व्यवस्थापन गरिनेछ।

## परिच्छेद ३ : प्राथमिकता र कार्यान्वयन

### ३.१ प्राथमिकता

राष्ट्रिय तथ्याङ्क प्रणालीका देहायमा उल्लिखित प्राथमिकताहरू रहेका छन् :

१. नेपालको संविधान, राष्ट्रिय विकासको दीर्घकालीन सोच, आवधिक योजना र नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका विभिन्न प्रतिबद्धताको नियमित प्रगति अनुगमन तथा तथ्यपरक नीति निर्माणका लागि तथ्याङ्कको उत्पादन र आपूर्ति गर्ने।

२. संविधानको अनुसूचीमा सूचीकृत संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारसम्बन्धी विषयका तथ्याङ्क उत्पादन र आपूर्ति गर्ने।

३. तथ्याङ्क ऐनलाई प्रतिस्थापन गर्न नयाँ कानुनी सुधार गर्ने।

४. राष्ट्रिय तथ्याङ्क परिषद्लाई ऐन तथा नियमावलीबाट व्यवस्थित गरी थप प्रभावकारी बनाउने।

५. सूचना प्रविधिमा आधारित मुलुकको स्रोत तथा साधनसमेतको राष्ट्रिय तथ्यगत विवरण तयार गर्ने।

६. केन्द्रीय तथ्याङ्क विभागको स्तरोन्नति गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत गर्ने।

७. दिगो विकासका लक्ष्यहरूको अनुगमन सूचक उत्पादन गरी आपूर्ति गर्ने।

८. तथ्याङ्कीय क्रियाकलापमा निर्धारित तथ्याङ्क प्रणाली लागु गर्ने।

९. तथ्याङ्कीय क्रियाकलापलाई आधुनिक प्रविधिमैत्री बनाउने।

१०. सर्वेक्षण अनुमति प्रणाली राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जारी गर्ने नीति लागु गर्ने।

११. राष्ट्रिय तथ्याङ्क प्रशिक्षण तथा अनुसन्धान केन्द्र स्थापना गर्ने।

१२. संघ, प्रदेश र स्थानीय तहमा रहने तथ्याङ्क एकाइ स्थापना, भौतिक कार्यस्थलमा सुधार र जनशक्ति व्यवस्थापन गर्ने।

### ३.२ कार्यान्वयन

यो रणनीति नेपाल सरकारबाट स्वीकृत भएपछि तत्कालै कार्यान्वयनमा लगिनेछ। यसको कार्यान्वयनका लागि आवश्यक पर्ने ऐन तथा नियमावलीको तर्जुमा र संशोधन र निर्देशिका र मार्गदर्शन तयारी कार्य यथाशीघ्र अगाडि बढाइनेछ। कार्यान्वयनमा संलग्न हुने केन्द्रीय तथ्याङ्क विभाग र संघीय सरकारका अन्य निकाय, प्रदेशका तथ्याङ्कीय एकाइ र स्थानीय तहले गर्नुपर्ने काम र निर्दिष्ट कर्तव्यलाई स्पष्ट पार्न

निर्धारित तथ्याङ्क प्रणालीअनुरूप कार्यान्वयन कार्ययोजना तयार गरी लागु गरिनेछ। रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार तथा सामग्री, वित्तीय स्रोत र जनशक्ति उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। यो रणनीति आर्थिक वर्ष २०७९/८० सम्म कार्यान्वयनमा रहनेछ।


## परिच्छेद ४ : अनुगमन तथा मूल्याङ्कन

### ४.१ अनुगमन

रणनीति कार्यान्वयनमा भएको प्रगतिको नियमित अनुगमनका लागि राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध निकाय संलग्न हुनेछन्। तालुक सबै निकायले आ नो मातहतका निकायबाट भइरहेको कार्यान्वयनको अवस्था अनुगमन गर्नेछन्। अनुगमन कार्यमा सम्बन्धीत मन्त्रालय वा निकाय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल राष्ट्र बैंक, प्रदेश सरकारका निकाय, स्थानीय तह र अन्य सम्बन्धीत निकाय संलग्न हुनेछन्। यस रणनीतिको समग्र कार्यान्वयन स्थितिको अनुगमन गर्न राष्ट्रिय तथ्याङ्क परिषद्ले सम्बन्धीत प्रमुख निकायहरूको संलग्नता रहेको अनुगमन समिति गठन गर्नेछ। यस समितिले निर्धारित कार्यतालिकाबमोजिम तोकिएको निकायले कार्य सम्पादन गरे नगरेको नियमित अनुगमन गरी राष्ट्रिय तथ्याङ्क परिषद्समक्ष प्रतिवेदन पेश गर्नेछ।

### ४.२ मूल्याङ्कन

रणनीतिको कार्यान्वयन र सोबाट राष्ट्रिय तथ्याङ्क प्रणालीमा परेको असर तथा प्रभावको आन्तरिक र तेस्रो पक्ष मूल्याङ्कन गरिनेछ। स्वतन्त्र रूपमा मूल्याङ्कन गर्नका लागि राष्ट्रिय तथ्याङ्क परिषद्ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ सम्मिलित मूल्याङ्कन कार्यदल गठन गर्न सक्नेछ। सो कार्यदलले कार्यान्वयनको मध्यावधि मूल्याङ्कन र नतिजा तथा असरको अन्तिम मूल्याङ्कन गरी परिषद्समक्ष प्रतिवेदन पेश गर्नेछ। मूल्याङ्कनको कार्यमा अन्य देशका राष्ट्रिय तथ्याङ्क कार्यालयलाई समेत आवश्यकताअनुसार संलग्न गराइनेछ।







नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाण्डौ
फोन नं. : ४२४५९४६, ४२४५९४७, ४२४५९४८
फ्याक्स नं.: ९७७-१-४२२७७२० URL : www.cbs.gov.np